# वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

वन, वन्यजन्तु, वातावरण, भू तथा जलाधार व्यवस्थापन र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र तर्फको

*(प्रदेश सरकारबाट आर्थिक वर्ष २०८२/०८३ मा स्वीकृत कार्यक्रम तथा विनियोजित बजेटको लागि)*

सुदूरपश्चिमप्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

धनगढी, कैलाली

नेपाल

दीर्घनारायण कोइराला
प्रदेश सचिव

कार्यविधि तयार गर्दा अबलम्बन गरिएका मार्गदर्शन .......... 6
परिच्छेद १ .......... 9
वन, वन्यजन्तु र वातावरण संरक्षण कार्यक्रम तर्फका स्वीकृत कृयाकलापहरु .......... 9
१. सामुदायिक वन उपभोक्ता समूह गठन, दर्ता तथा कार्ययोजना तयारी .......... 9
2. निजी वन दर्ता सहजीकरण .......... 9
3. मानव वन्यजन्तु द्वन्द्वब्यवस्थापन तथा वन्यजन्तु उद्धार .......... 10
४. तालिम, गोष्ठी, वैठक, अन्तरक्रिया एवम् अभिमुखिकरण कार्यक्रम .......... 10
५. वन संरक्षणतथा वन डढेलो नियन्त्रण सम्बन्धी स्कूल शिक्षा कार्यक्रम(सचेतना कार्यक्रम) .......... 11
६. वन/वातावरण तथा जैविक विविधता संरक्षणसम्बन्धी जनचेतनामूलक सामाग्री प्रकाशन र वितरण कार्यक्रम 11
७. वन्यजन्तु संरक्षण सम्बन्धी प्रचार प्रसार कार्यक्रम .......... 12
८. सामुदायिक वनको अनुगमन, मूल्याङ्कन पुस्तिका छपाईप्रकाशन/ .......... 12
९. वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन(वृक्षारोपण तथा तारबार/घेराबार समेत) .......... 12
१०. वन नर्सरीमर्मत तथा स्तरोन्नति .......... 13
११. कबुलियति वनको सञ्चालन र ब्यबस्थापन तथा ब्यवसायिक योजना र कर्मचारी परीचालन .......... 13
12.वन संरक्षण क्षेत्र कार्यक्रम, कर्मचारी/सहजकर्ता र कार्यालय ब्यवस्थापन सिगास), ग्वालेक, महाभारत, बसन्ता, लालझाडी मोहना र तेलेलेक( .......... 14
13. वन तथा वन्यजन्तुसम्बन्धी मुद्दाको अनुसन्धान, अभियोजन तथा मुद्दा दायरी .......... 15
१४. उत्कृष्ट कबुलियती वन उपभोक्ता समूह पुरस्कार .......... 15
१५. प्रचार प्रसार सामाग्री उत्पादन, प्रकाशन र वितरण .......... 15
१६. विरुवा उत्पादनडिभिजन वन कार्यालय र सब) -डिभिजन वन कार्यालय मार्फत( .......... 16
१७. सामुदायिक वनको वन व्यवस्थापन कार्ययोजना नवीकरण/परिमार्जन .......... 16
१८. वन गस्ती परिचालन .......... 17
१९. सामुदायिक वनमा वन सम्बर्द्धन स्थलगत अभ्यास .......... 17
२०. वन डढेलो रोकथाम, नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन .......... 18
२१. अग्निरेखा निर्माण तथा सरसफाई .......... 19
२२. काठ दाउरा संकलन खर्च .......... 19
२३. Rapid ResponseTeamरCommunityBased Antipoaching Unit (CBAPU)परिचालन .......... 20
२४. सव डिभिजन वन कार्यालय ब्यवस्थापन खर्च .......... 20
२५. बहुबर्षीय विरूवा उत्पादन .......... 21
२६. सडक किनारमा वृक्षारोपण .......... 21



ार्धनारायण कोइराला
प्रदेश सचिव

२७. विभिन्न दिवस समारोह ........ 22

२८. वार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन ........ 23

२९. अग्नि नियन्त्रणसम्बन्धी स्थलगत फिल्ड अभ्यास ........ 23

३०. बहुमूल्य प्रजाति (श्रीखण्ड, अगरउड, रक्तचन्दन) कोविरुवा खरिद तथा वितरण ........ 23

३१. बहुमूल्य प्रजाति (बोधिचित्त, अगरउड, टिमुर, ओखर) को विरुवा खरिद तथा वितरण ........ 24

३२. स्थानीय तहका पदाधिकारीहरुलाई प्रचलित वन ऐन, नियमावली, सामुदायिक वनका निर्देशिका र मार्गदर्शन २०७१ बारे अभिमुखिकरण ........ 25

३३. सामुदायिक वन उपभोक्ता समूहमा लेखा तथा अभिलेखिकरण तालिम ........ 25

3४. जडिबुटी विरुवा उत्पादन/खरिद र खेती विस्तार (टिमुर, चिराईतो, ओखर,श्रीखण्ड,सतुवा, सेतकचिनी, तेजपात, जैतुन आदि) ........ 26

3५.वृक्षारोपण तथा घेरबार कार्यक्रम ........ 26

3६.कबुलियती वनको कार्ययोजना नबिकरण/परिमार्जन ........ 27

3७.बाँस बिरुवा खरिद तथा रोपण/वितरण कार्यक्रम ........ 27

3८.धार्मिक वन समूहको नया दर्ता तथा कार्ययोजना हस्तान्तरण ........ 28

3९.सब डिभिजन स्तरीय योजना तर्जुमा तथा समिक्षा गोष्ठी ........ 28

4०.स्थायी नर्सरी निर्माण ........ 29

4१.उत्कृस्ट सामुदायिक वन उपभोक्ता समूह पुरस्कार ........ 29

4२.कृषि वन प्रबर्धन कार्यक्रम (चितुवा प्रभावित क्षेत्रहरुमा/बदेल/दुम्सी/बादर) ........ 29

4३.मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागिघेरवार/मेसवायरतथा अन्य पूर्वाधार निर्माण ........ 29

४४अनुसन्धान कार्यका लागि बिद्यार्थीहरुलाई सहयोग ........ 30

४५.कर्मचारीहरुको टीम विल्डिङ्गः ........ 31

४६वन डढेलो रोकथाम तथा नियन्त्रणको लागि फिल्ड अभ्यास तथा डेमो. ........ 31

४७. दिगो वन ब्यवस्थापन सम्बन्धी अध्ययन भ्रमण ........ 32

४९मानव वन्यजन्तु द्वन्द न्यूनिकरण सचेतना कार्यक्रम ........ 33

१. ५१. जलवायु परिवर्तन सम्बन्धी प्रदेश स्तरीय कार्यशाला गोष्ठी ........ 34

२. ५२.अग्नि नियन्त्रण सम्बन्धी सामान तथा उपकरण Leaf blower खरिद तथा वितरण ........ 34

३. ५३.वन्यजन्तु उद्धार सामाग्री खरिद Snake Catcher Set ........ 35

४. ५४. उपकरण खरिद जि पि एस),Range Fiderआदी( ........ 36

५. ५५. विगतमा आर्थिक सहयोग गरिएका वन पैदावारमा आधारित उद्यमहरुको प्रभावकारिता अध्ययन ........ 36

६. ५६. अतिक्रमित क्षेत्रको डाटा अध्यावधिक ........ 37

खोटो संकलन सम्बन्धी तालिम तथा फिल्ड अभ्यास ........ 37




...र्धनारायण कोइराला
...मुख सचिव

७. ५८. समन्वय गोष्ठी अतिक्रमण नियन्त्रण समन्वय समिति)/वन क्षेत्र समन्वय समिति बैठक वा संस्थागत विकास गर्ने( ........ 38
८. ५९. अन्तरप्रदेशीय निर्देशनालय स्तरीय सिकाई आदान प्रदान/अन्तरक्रिया गोष्ठी ........ 38
**भू तथा जलाधार व्यवस्थापन तर्फका स्वीकृत वार्षिक कार्यक्रमहरुका लागि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ ........ 39**
कार्यक्रम सञ्चालन प्रक्रिया ........ 39
भू तथा जलाधार व्यवस्थापनकार्यालय अन्तर्गतका स्विकृत कार्यक्रम तथा क्रियाकलापहरू ........ 39
२.वायोइन्जिनियरिङ्ग पद्धतीवाट खोला नदी किनार संरक्षण ........ 40
आकष्मिक भू-संरक्षण कार्यक्रम ........ 40
संरक्षण पार्श्वचित्र प्रकाशन (Activity Profile publication) ........ 41
विउ/विरूवा खरिद तथा वितरण ........ 41
पहिरो गल्छी नियन्त्रण/ भू–क्षय नियन्त्रण तथा उपचार ........ 42
संरक्षण पोखरी/ रिचार्ज पोखरी निर्माण ........ 42
खोला/खहरे/नदी किनार संरक्षण/तटबन्धनिर्माण ........ 42
पानी मुहान संरक्षण ........ 43
साना सिंचाई पोखरी तथा कुलो निर्माण, मर्मत तथा संरक्षण ........ 43
भवन, ग्यारेज, कार्यालय कम्पाउण्ड मर्मत सम्भार ........ **Error! Bookmark not defined.**
तालिम सञ्चालन भू संरक्षण सचेतना), कम खर्चिलो भू संरक्षण प्रविधि, विद्यालमा संरक्षण शिक्षा, जलवायु परिवर्तनसम्बन्धी तालिम( ........ 44
वन अपराध अनुसन्धान तथा मुद्दा दायरी तालिम ........ 45
कर्मचारीहरुको लागी दिगो वन व्यवस्थापन सम्बन्धी अन्तर प्रदेशीय अध्ययन अवलोकन भ्रमण ........ 46
Training on Data Analysis on Excel Spread Sheet ........ 47
फरेष्टर र सिनियर गेमस्काउट स्तरीय कर्महरुको लागि वनको तथ्याङ्क विश्लेषण सम्बन्धी तालिम ........ 48
रेन्जर/अधिकृत स्तरीयकर्मचारीहरुको लागिGISसम्वन्धी तालिम ........ 48
वन्यजन्तु उद्धार सम्बन्धी तालिम ........ 49
केन्द्र द्धारा बिगतमा सन्चालित तालिमहरुको प्रभावकारिता अनुगमन ........ 49
वन रक्षक तथा गेमस्काउट स्तरीय कर्मचारीहरुको लागी आधारभूत कानूनी कार्यविधि तालिम ........ 50
नव आगन्तुक वन अधिकृतहरुको लागी सेवा प्रवेश तालिम ........ 50
कर्मचारीको लागी Appreciative Inquiry सम्बन्धी तालिम ........ 51



दीर्घनारायण कोइराला
प्रदेश सचिव

पृष्ठभूमि

सुदूरपश्चिम प्रदेशमा रहेकोउद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरु (**वन निर्देशनालय, डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु, वन अनुसंन्धान तथा प्रशिक्षण केन्द्र**) को आ.व. २०८२/०८३ मा **वन, भू-संरक्षण,वन्यजन्तु रवातावरण**तर्फको विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न विनियोजन भएको बजेटको परिधिभित्र रही स्वीकृत वार्षिक कार्यक्रमहरु उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय,डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुर वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रवाट सञ्चालन गरिने गरी तय भएका छन् ।स्वीकृत कार्यक्रमको प्रभावकारी ढंगले सम्पादन भएमा त्यसवाट प्राप्त हुने प्रतिफल समेत गुणस्तरीय भई आशातित उपलब्धी हासिल गर्न सकिन्छ।तोकिएको गुणस्तर कायम गरी समयमै स्वीकृतकार्यक्रमहरु प्रभावकारी ढंगले सम्पादन गर्न कार्यान्वयन गर्ने निकायहरुवीच एकै खालको कार्यक्रम सञ्चालन प्रकृयामा साझा वुझाई रही सम्पादन हुनु पर्दछ । सुदूरपश्चिम प्रदेशको नीति, कार्यक्रम एवम् बजेटमा समावेश भएका वन,वातावरण, भू तथा जलाधार व्यवस्थापन र वन अनुसन्धान तथा प्रशिक्षणसंग सम्बन्धित कृयाकलापहरु प्रभावकारी रुपले कार्यान्वयन गरी अधिकतम उपलब्धी हासिल गर्न सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८२ को दफा १२ बमोजिम यो कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ तयार गरिएको छ ।

## कार्यविधि तयार गर्दा अबलम्बन गरिएका मार्गदर्शन

- यो कार्यविधि सार्वजनिक खरीद ऐन, २०६३ सार्वजनिक खरीद नियमावली, २०६४ र सुदूरपश्चिमप्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७९, वन ऐन, २०७६, सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ र वजेट कार्यान्वयनसँग सम्बन्धित संघीय सरकार र सुदूरपश्चिमप्रदेश सरकारले जारी गरेका आर्थिक वर्ष २०८२।०८३ को बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शनलगायतका कानूनहरुको हकमा सोही वमोजिम हुनेगरी जारी गरिएको छ ।
- संघीय सशर्त अनुदानको कृयाकलापहरु सञ्चालन गर्दा संघीय सरकारवाट जारी भएको कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम सञ्चालन गर्नु पर्नेछ ।
- भू तथा जलाधार संरक्षण कार्यक्रम सञ्चालन गर्दा यस कार्यविधिमा नसमेटिएका कार्यक्रमको हकमा द्विविधा उत्पन्न भएमावन तथा भू-संरक्षण विभागबाट जारी कार्यविधिलाई समेत आधारको रुपमा लिईसञ्चालन गर्न सकिनेछ ।



दीर्घनारायण कोइराला
प्रदेश सचिव

- कार्यक्रम सञ्चालन गर्दा यस कार्यविधिको अलावा स्वीकृत नर्म्स, जिल्ला दररेटकोपूर्णरुपमा पालना गर्नु पर्नेछ।
- प्रदेश र संघवाट जारी भएको कार्यविधिमा समेत उल्लेख नभएका कृयाकलाप सञ्चालन गर्नु पर्दा उक्त कार्यक्रमको हकमा सम्बन्धित कार्यालयले संक्षिप्त कार्यविधि तयार पारी मन्त्रालयबाट स्वीकृत गराई सञ्चालन गर्न सकिने छ ।
- कुनै पनि आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने छैन ।
- आर्थिक वर्ष २०८२।०८३ का लागि विनियोजित बजेट तथा कार्यक्रम र सान्दर्भिक विषय सम्बन्धी सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८२।०६।१० मा भएको निर्णयको पूर्णरुपमा पालना गरिनेछ ।

दीर्घनारायण कोइराला
प्रदेश सचिव

# परिच्छेद १

## वन, वन्यजन्तु र वातावरण संरक्षण कार्यक्रम तर्फका स्वीकृत कृयाकलापहरु

### १. सामुदायिक वन उपभोक्ता समूह गठन, दर्ता तथा कार्ययोजना तयारी

यो शीर्षकमा विनियोजन भएको रकम वन ऐन, नियमावली तथा सामुदायिक वनको मार्गदर्शन वमोजिम नयाँ सामुदायिक वन उपभोक्ता समूह गठन गर्ने, उक्त सा.व.उ.स. दर्ता गर्ने तथा वन कार्ययोजना तयारी गर्ने कार्यमा खर्च गरिने छ । यसको लागि घरधुरी पहिचान/सर्भेक्षण गर्ने, टोल बैठक,वन स्रोत सर्वेक्षणका लागि आवश्यक पर्ने सामाग्रीहरु खरीद, संयुक्त रुपमा उपभोक्ताहरुसंगवन भ्रमण गरी नक्सा तयारी गर्ने, कार्ययोजना तयारी गर्नको लागि वन स्रोत सर्भेक्षण गर्ने, भेला वैठक आदिको लागि रकम खर्च गर्न सकिनेछ । यस कार्यको लागि विधान एवम् वन कार्ययोजना तयारी कार्यमा फिल्डमा खटिने कर्मचारीहरुको लागि खाजा तथा कार्ययोजनाको मस्यौदा तयारी गर्नको लागि आवश्यक रकम,मसलन्द सामाग्रीहरु, प्रिन्टिङ्ग, वाईण्डिङ्ग तथा भेला वैठकमा चिया नास्ताको लागि समेत आवश्यकतानुसार रकम खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनको साथमा तयार गरिएको कार्ययोजना/विधान, नक्साहरु तथा फोटोहरु पेश गर्नु पर्नेछ ।

अपेक्षित उपलब्धीःयो कृयाकलाप सम्पन्न भए पश्चात् सामुदायिक वनमा आबद्ध समुदायहरु वन क्षेत्रको संरक्षणमा सक्रीय रुपमा सहभागी भई वनको समुचित व्यवस्थापनमा टेवा पुग्नुका साथै संलग्न उपभोक्ताहरु वन पैदावारबाट लाभान्वित भएका हुनेछन् ।

सूचकः सामुदायिक वन उपभोक्ता समूह दर्ता प्रमाण पत्र, सामुदायिक वन हस्तान्तरणको प्रमाण पत्र र स्वीकृत विधान तथा कार्ययोजना आदि ।

### २. निजी वन दर्ता सहजीकरण

वन ऐन, २०७६ र सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ मा निजी वन दर्ता गरी त्यसको संरक्षण एवं सदुपयोग गर्न सकिने कानूनी व्यवस्था रहेको छ । निजी वनले देशमा आवश्यक काठ दाउराको अत्याधिक माग परिपूर्ति गरिरहेको देखिन्छ। यद्यपी अधिकांश निजी वनहरुमा परम्परागत रुपले आफ्नो हकभोगको निजी जग्गाहरुमा रहेका रुख विरुवाहरु संरक्षण गरी हुर्काउने र त्यसको घरायसी प्रयोजनमा सदुपयोग गर्ने र बढी भएको काठ दाउरा विक्री वितरण हुने गरेको पाईन्छ । निजी किसानहरुमा निजी वन दर्ता गरी त्यसको व्यवस्थापन गर्दा सोबाट प्राप्तहुने वन पैदावारको सतत् व्यवस्थापन गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सकिने र विक्री वितरणमा सरलीकरण भई मुल्य अभिबृद्धि कर समेत प्राप्त हुने देखिन्छ । निजी वन दर्तामा निजी वन धनीहरुलाई आकर्षण गर्न यो शीर्षकमा वजेट विनियोजन गरिएकोछ ।

यस शीर्षकमा विनियोजन भएको रकम निजी जग्गाधनीहरुबाट नियमानुसार निजीवन दर्ताको लागि प्राविधिक सहयोगकोअनुरोध भई आएमा स्थानीय तहसंग समन्वय गरीसम्बन्धित सवडिभिजन वन कार्यालयको सिफारिसमा प्राथमिकताको आधारमा वनको तथ्याङ्क संकलन गर्न तथा सहजिकरणको लागि फिल्डमा जाने कर्मचारीहरु (डि.व.का.,सव-डि.व.का.,नापी/मालपोत कार्यालय आदि) को लागि दैनिक भ्रमण भत्ता, ईन्धन,



दीर्घनारायण कोइराला
प्रदेश सचिव

स्टेशनरी र नापी कार्यालयमा बुझाउनु पर्ने राजश्व आदिमा नियमानुसार खर्च गर्न सकिने छ । यसका साथै निजी वन दर्ताको लागि स्थानीय समुदायमा प्रचारप्रसार गरी सचेतनाको लागि फिल्डस्तरीय कोचिङ्ग कार्यमा समेत यो रकम खर्चगर्न सकिने छ । कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनमा कार्यक्रम सञ्चालन भएको स्थानको जि.पी.एस. कोअर्डिनेट सहितको फोटोग्राफहरु, कार्यक्रमको उपलब्धी सहित निजी वनको लगत/तथ्याङ्क पेश गर्नुपर्नेछ । निजी वन दर्ता सहजिकरणका लागि अत्यधिक संख्यामा निवेदन प्राप्त भई विनियोजित बजेट पर्याप्त नभएमा पहिले निवेदन पेश गर्नेलाई प्राथमिकता दिई कार्यसञ्चालन गर्नु पर्नेछ ।

**अपेक्षित उपलब्धी** : यो कृयाकलाप सम्पन्न भए पश्चात् जिल्लामा दर्तावाल निजी वनहरुको संख्यामा बृद्धि हुने र निजी जग्गाहरुमा विभिन्न प्रजातिका वनजन्य विरुवाहरुको वृक्षारोपण भई हरियाली अभिबृद्धि भएको हुनेछ।

**सूचक**:सम्बन्धित स्थानीय तहबाट प्राप्त भएको निजी वन दर्ता सम्बन्धि तथ्याङ्क/जानकारी ।

## ३. मानव वन्यजन्तु द्वन्द्वब्यवस्थापन तथा वन्यजन्तु उद्धार

मानव र वन्यजन्तुवीच सहअस्तित्व कायम गरी वन्यजन्तु संरक्षण/ब्यवस्थापन गर्नको लागि आवश्यक पर्ने विभिन्न किसिमका कृयाकलापहरुमा यो शीर्षकमा विनियोजित रकम खर्च गर्न सकिने छ । यसमा स्वीकृत वजेट, वन्यजन्तुको उद्धार केज निमार्ण,Darting कार्य,वन्यजन्तुको औषधी उपचार र दानापानी खर्च, उद्धार कार्यमा खटिने जनशक्तिको लागि दैनिक भ्रमण भत्ता/खाजा,आवश्यक उपकरण खरिद, गाडिभाडा, ईन्धन तथा स्थलगत आकस्मिक खर्च समेत गर्न सकिने छ । साथैमानव वन्यजन्तु द्धन्द्ध व्यवस्थापनका लागि जनचेतनामूलक प्रचारप्रसार कार्यमा समेत नियमानुसार खर्चगर्न सकिनेछ।

**अपेक्षित उपलब्धी** : यो कृयाकलाप सम्पन्न भए पश्चात् जिल्लामा मानव वन्यजन्तु द्वन्द्वका घटनामा न्यूनीकरण भएको हुने । साथै घाईते वन्यजन्तुहरुको उद्धार भई प्रभावकारी रुपमा ब्यवस्थापन भएको हुने।

**सूचक**: वन्यजन्तु उद्धारका लागि प्रयोग हुने केज निर्माण, विल तथा भरपाईहरु, सरोकारवालाहरुको सहभागिता जनिने प्रमाण, विभिन्न चरणका फोटोहरु, आदि ।

**जोखिम**:घाईते वन्यजन्तुको उद्धार तथा उपचार गर्दा सम्बन्धित प्राविधिक तथा चिकित्सकको परिचालन गर्न नसकिएमा वन्यजन्तुको मृत्यू हुनसक्ने साथै वन्यजन्तु आक्रामक भई मानिसलाई आक्रमण गर्न सक्ने।केज निर्माण गर्दा ध्यान पुर्‍याउन नसकेमा वन्यजन्तु सजिलै बाहिर निस्कन सक्ने।केज वन्यजन्तुमैत्री नभएमा वन्यजन्तु भै मर्न सक्ने ।

## ४.तालिम, गोष्ठी, वैठक, अन्तरक्रिया एवम् अभिमुखिकरण कार्यक्रम

यसमा विनियोजन भएको रकम नेपाल सरकार, अर्थ मन्त्रालयबाट जारी भएको कार्यसञ्चालननिर्देशिका बमोजिम रकम खर्च गर्न सकिने छ ।यस्ता किसिमका कार्य संचालन गर्दा सवारीसाधन भाडामा प्रयोग गर्नुपर्ने अवस्था आएमा नियमानुसार सवारी साधन भाडामा लिन सकिनेछ ।



धनारायण कोइराला
सचिव

**अपेक्षित उपलब्धी:** यो कृयाकलाप सम्पन्न भए पश्चात् जिल्लामा वन कार्यालयका कर्मचारीहरु, वन संरक्षणमा आवद्ध समूहका उपभोक्ता सदस्यहरु विभिन्न किसिमका ज्ञान शिपहरुमा दक्ष तथा उर्जाशिल भई वन संरक्षणमा थप प्रभावकारिता आएको हुनेछ।
**सूचक:**सहभागीहरुको उपस्थिति विवरण, विल भरपाई, फोटो, तालिम गोष्ठीको प्राविधिक प्रतिवेदन ।

## ५.वन संरक्षणतथा वन डढेलो नियन्त्रण सम्बन्धी स्कूल शिक्षा कार्यक्रम(सचेतना कार्यक्रम)

यो कार्यक्रम मुख्य रुपमा विद्यालयहरुमा वन संरक्षण तथा वन डढेलो नियन्त्रण सम्बन्धमा विद्यालयका विद्यार्थी एवम् शिक्षकहरुमा जानकारी प्रदान गर्नको लागि आयोजना हुने कक्षा सञ्चालन/प्रशिक्षण तथा छलफल कार्यक्रमहरुमा खर्च गर्न सकिने छ । यो कार्यक्रम सञ्चालन गर्नको लागि विद्यालयको छनौट सम्बन्धित कार्यालयको वैठकबाट गरिने छ । यस शीर्षकमा विनियोजित रकम प्रशिक्षण सामाग्री तयारी,वन संरक्षण तथा वन डढेलो नियन्त्रण सम्बन्धी प्रशिक्षण,स्कूल स्तरीय वादविवाद, हाजीरीजवाफ, निवन्ध वक्तृत्वकला प्रतियोगितासञ्चालन, पुरस्कार वितरण, कार्यक्रम संचालनार्थ आवश्यक पर्ने खाजा खर्च, स्टेशनरी, ईन्धन, संचार, प्रशिक्षण लगायतको कार्यमा संलग्न व्यक्तिहरुलाई प्रदान गरिने भत्ता आदिमा नियमानुसार खर्च गर्न सकिने छ । कार्यक्रम सपन्न भएपछि प्राविधिक प्रतिवेदनको साथै श्रब्यदृश्य फोटो समेत समावेश गरी पेश गर्नुपर्ने छ।
**उपलब्धी:** यो कृयाकलाप सम्पन्न भए पश्चात् कृयाकलाप सञ्चालन गरिएको विद्यालयका विद्यार्थीहरु वन संरक्षण तथा वन डढेलो नियन्त्रण सम्बन्धी विषयमा प्रशिक्षित भई समुदायमा यसको प्रचार प्रसार हुनुका साथै डढेलो नियन्त्रणको कार्यमासक्रीय रुपमा परिचालित भएका हुनेछन् ।
सूचक:सहभागीहरुको उपस्थिति विवरण, विल भरपाई, फोटो, प्रतिवेदन ।

## ६. वन/वातावरण तथा जैविक विविधता संरक्षणसम्बन्धी जनचेतनामूलक सामाग्री प्रकाशन र वितरण कार्यक्रम

यो कार्यक्रम मुख्य रुपमा वन, वातावरण र जैविक विविधता संरक्षण सम्बन्धमा विद्यालयका विद्यार्थी, स्थानीय वन समुहका उपभोक्ताहरु तथा सरोकारवालाहरुलाई जानकारी प्रदान गर्ने प्रयोजनार्थ यस सम्बन्धी ब्रोसर/पम्प्लेट/पुस्तिका आदिछपाई तथा प्रकाशन गरी वितरण गरिनेछ । कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनको साथमा प्रकाशित सामाग्री, फोटो समेत समावेश गरी पेश गर्नुपर्ने छ।
**अपेक्षित उपलब्धी:** कृयाकलाप सम्पन्न भए पश्चात् वन, वातावरण तथा जैविक विविधता संरक्षण सम्बन्धी विषयमा सरोकारवालाहरु प्रशिक्षित एवम् जानकार भई संरक्षण कार्यमा सक्रीय रुपमा सहभागी भएका हुनेछन् ।
सूचक: ब्रोसर/पम्प्लेट/पुस्तिका, विल भरपाई,वितरण सुची, फोटो।

दीर्घनारायण कोइराला
प्रदेश सचिव

### ७. वन्यजन्तु संरक्षण सम्बन्धी प्रचार प्रसार कार्यक्रम

यस कार्यक्रम अन्तरगत वन्यजन्तु संरक्षण, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणको लागि जनचेतनामूलक प्रचारप्रसार सामाग्रीहरु तयारी, छपाई, वितरण, सूचनाहरु प्रकाशन, प्रसारण, संरक्षण सम्वन्धीविद्यालय स्तरीय वादविवाद, वक्तृत्वकला, हाजिरीजवाफ, निवन्ध प्रतियोगितासञ्चालन, पुरस्कार वितरण,सडक नाटक, स्कूल शिक्षा, ऱ्याली, माईकिङ, भित्ते लेखन, होडिङ्ग बोर्ड, परिचय पन्ना(पम्प्लेट), चित्र सन्देश(पोष्टर),भिडियो डकुमेन्ट्रि,प्रचार प्रसारको क्रममा आवश्यक पर्ने ईन्धन लगायतका कार्यमा खर्चगर्न सकिने छ।

**अपेक्षित उपलब्धी:**कृयाकलाप सम्पन्न पश्चात् जिल्लाका आम मानिसहरु वन्यजन्तुको संरक्षण किन गर्ने, वन्यजन्तु अपराधहरु के के हुन, के कस्ता अपराध गरेमा के कस्तो दण्ड सजाय हुन सक्छ भन्ने विषयमा जानकार भै समग्रमा वन्यजन्तुको संरक्षणमा सहयोग पुग्नेछ ।

**सूचक:**होडिङ बोर्ड, एफ एम रेडियोबाट प्रशारण गरिएको सन्देश, स्थानीय पत्रिकामा प्रकाशित सूचनाहरु, भित्ते लेखन गरिएका दृष्य, एफ एम रेडियो तथा पत्र पत्रिकाहरुसंगको सम्झौतापत्र, विल भरपाई, फोटो।

**जोखिम:**वन्यजन्तु धेरै मात्रामा पाईने तथा वन्यजन्तुको संरक्षणको चुनौति रहेका स्थानहरुमा पर्याप्त मात्रामा प्रचार प्रसार गर्न नसकिएमा वन्यजन्तु संरक्षण तथा द्वन्द्व निरुपणमा शिथिलता आउन सक्ने ।

### ८. सामुदायिक वनको अनुगमन, मूल्याङ्कन पुस्तिका छपाई/प्रकाशन

यस कार्यक्रम अन्तर्गत मुख्यतः जिल्लामा गठन भएका सामुदायिक वन उपभोक्ता समूह/वनको अनुगमन तथा मूल्याङ्कन गर्ने र सो बाट प्राप्त तथ्याङ्कविश्लेषण गरी प्रतिवेदन तयारी तथा छपाई गर्ने कार्यमा डिभिजन वन कार्यालयले लागत अनुमान तयार गरी सव-डिभिजन वन कार्यालयका कर्मचारीहरु मार्फत् कार्यान्वयन गर्नुपर्नेछ । यसका अतिरिक्त यस शीर्षकमा विनियोजन भएको रकम अनुगमन कार्यमा फिल्डमा खटिने कर्मचारीहरुलाई खाजा खर्च, स्टेशनरी, अनुगमनका क्रममा जाँदा आवश्यक पर्ने ईन्धन, अनुगमन फर्मेट छपाई तथा प्रतिवेदन तयारी एवम्प्रकाशन कार्यमा खर्च गर्न सकिने छ ।

**अपेक्षित उपलब्धी:** यो कृयाकलाप सम्पन्न भए पश्चात् डिभिजन वन कार्यालयअन्तरगत दर्ता भएका सामुदायिक वन समूह तथा सामुदायिक वनहरुको समग्र अवस्था, सामुदायिक वन समूहहरुबाट सञ्चालन भएका कृयाकलापहरु र तिनको प्रभावकारिता, सामुदायिक वन समूहहरुको आम्दानी र सोको परिचालनको अवस्था, वन पैदावारको उत्पादन तथा सदुपयोगको अवस्था, सामुदायिक वनबाट लाभान्वित घरधुरी विवरण, वन क्षेत्रमा आएका परिवर्तनहरु लगायतका विषयहरुको यथार्थ विवरण तथा तथ्याङ्कहरु समावेश भएको प्रतिवेदन तयार भई प्रकाशन हुनेछ ।

**सूचक:**अनुगमन प्रतिवेदन तथा पुस्तिका, विल भरपाई, फोटो ।

### ९. वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन(वृक्षारोपण तथा तारबार/घेराबार समेत)

यो शिषर्कमा विनियोजन भएको रकम मुख्यतः अतिक्रमित वन क्षेत्रमा भएको अतिक्रमण हटाउने, सो क्षेत्र खाली गर्ने,घेराबार (तारबार)गर्नेर उक्त स्थानमा वृक्षारोपण गर्ने कार्यमा खर्च गरिने छ । यसको लागि



दीर्घनारायण कोइराला
प्रदेश सचिव

अतिक्रमण भएको स्थान पहिचान गरी सामुदायिक वन उपभोक्ता समूहहरु, स्थानीय तह, सव-डिभिजन वन कार्यालयको समन्वय एवम् आवश्यक परेमा स्थानीय प्रशासन र सुरक्षा निकाय समेतको सहयोग लिई वन नियमावली, २०७९, वन अतिक्रमण नियन्त्रण रणनीति २०६८ समेतको आधारमा कार्यान्वयन गर्न सकिने छ। यसको लागि आवश्यक कर्मचारी एवम् सुरक्षाकर्मी लगायतका सरोकारवालाहरुको छलफल/अन्तरक्रिया कार्यक्रम, जिल्ला वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्यदलको बैठक सञ्चालन, भेला तथा फिल्डमा अतिक्रमण हटाउने समयमा खाजा, भत्ता, गाडी/डोजर/स्काभेटर जस्ता अन्य उपकरणहरु आवश्यकता अनुसार भाडामा समेत लिई परिचालन गर्ने, हटाउने कार्यमा परिचालन गरिने सरकारी गाडीहरुको मर्मत तथा ईन्धन, ट्रेन्च निर्माण,घेरवार/तारबारतथा वृक्षारोपणको लागि आवश्यक सामाग्री तथा गुणस्तरीय विरुवाहरु खरीद एवम् ढुवानी तथा रोपण/पुनःरोपणलगायतका कार्यमा नियमानुसार खर्चगर्न सकिने छ । कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनको साथमा विल भर्पाई, फोटो र कार्यक्रम कार्यान्वयन भएको क्षेत्रको जि.पि.एस.नक्शा समेत समावेश गरी पेश गर्नुपर्ने छ ।

**अपेक्षित उपलब्धी:** यो कृयाकलाप सम्पन्न भए पश्चात् वन क्षेत्रमा गरिएका अतिक्रमण हटाई पुनः वनक्षेत्र कायम भई पुनर्स्थापना भएका हुनेछन् । साथै उक्त क्षेत्रमा वृक्षारोपण भईघेराबार तथा काँडेतारद्वारासंरक्षण समेत भएको हुनेछ ।

**सूचक:**अतिक्रमण गरी बनाईएका संरचनाहरु नष्ट गरिएका फोटो तथा दृष्यहरु, अतिक्रमण हटाएको स्थलगत मुचुल्का, अतिक्रमण हटाउँदाको बखत/हटाइसकेपछीको फोटो,अतिक्रमण हटाएको क्षेत्रको नक्सा, तारबार तथा वृक्षारोपण, विल भरपाई, कार्यसम्पन्न तथा जाँचपास प्रतिवेदन, सरोकारवालाहरु समेत देखिने विभिन्न चरणका फोटोहरु र अन्य आवश्यक तथ्यांक/विवरण।

**जोखिम:**अतिक्रमण ब्यवस्थापन नगरेमा वन क्षेत्र घट्दै जाने,हटाउने कार्य सञ्चालन गर्दा द्वन्द्व हुन सक्ने, हटाईएका क्षेत्रहरुमा नियमित रुपमा निगरानी नभएमा पुनः अतिक्रमण हुन सक्ने।

## १०. वन नर्सरीमर्मत तथा स्तरोन्नति

यस शीर्षकको रकम डिभिजन वन कार्यालय तथा सव-डिभिजन वन कार्यालयहरुबाट विगत देखीसञ्चालनमा रहेका वन नर्सरीको मर्मत संभार एवम् स्तरोन्नति गर्ने कार्यमा लागत इष्टिमेटस्वीकृत गराई बजेटको परिधिभित्र रही नियमानुसार खर्च गर्न सकिने छ ।

**अपेक्षित उपलब्धी:**कृयाकलाप सम्पन्न भए पश्चात् डिभिजन तथा सब-डिभिजन वन कार्यालयको हाता भित्र निर्माण गरिएका स्थायी प्रकृतिका नर्सरीको मर्मत तथा सम्भार भईगुणस्तरीय विरुवा उत्पादन कार्य सञ्चालन भएको हुनेछ ।

**सूचक:**कार्य आदेश,कार्यसम्पन्न तथा जाँचपास प्रतिवेदन,नापी किताव,स्थलगतफोटो ।

## ११.कबुलियति वनको सञ्चालन र ब्यबस्थापन तथा ब्यवसायिक योजना र कर्मचारी परीचालन

यस शीर्षकमा विनियोजन भएको रकम कवुलियती वन समूहहरुको संस्थागत क्षमता अभिवृद्धि गरी दिगो व्यवस्थापन गर्ने र कार्यक्रमको प्रभावकारिताको लागि सहजीकरण गर्ने, ज्ञान तथा सीपमा अभिवृद्धि गर्ने



दीर्घनारायण कोइराला
प्रदेश सचिव

गराउने साथै नियमित अनुगमन तथा मूल्याङ्कन समेत गर्ने कार्यको लागि विगत आ.व.हरुबाट सहजीकरणमा नियुक्त भएका सुपरभाईजर, ग्रामिण वित्त सहायक, वन प्राविधिक (वन सहायक/रेन्जर), सहजकर्ताहरु यस आर्थिक वर्षमा पनि काम गर्न इच्छुक भई कार्यालयमा निवेदन पेश गरेमा निजहरुलाई काममा लगाए वापत पारिश्रमिक दिने कार्यमा खर्च गरिने छ । यसको लागि सहजकर्ता कर्मचारीहरु छनौट गर्दा विगतबाटै कार्यरत अनूभवी कर्मचारीहरुलाई प्राथमिकता दिई साविककै कार्यसूची (TOR) वमोजिम काममा लगाउन सकिने छ । सहजकर्ता कर्मचारीहरुलाई मासिक प्रतिवेदन र हाजीर उतार फारमको आधारमा भुक्तानी दिन सकिनेछ । सहजकर्ताहरुले आफ्नो कार्यप्रगति प्रतिवेदन मासिक रुपमा सव-डिभिजन वन कार्यालयबाट प्रमाणित गराई डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ ।

यस शीर्षक अन्तरगत कबुलियती वनको सहजिकरणका लागी नियुक्त हुने कर्मचारीहरुको पारिश्रमिक निर्धारण गर्दा उपलब्ध बजेटलाई ध्यानमा राखी गत वर्षको विनियोजित बजेटको तुलनामा यस आर्थिक वर्षमा विनियोजित भएको रकम गत आर्थिक वर्षभन्दा कम विनियोजन भएको भएमा घटी भएको बजेट रकमको अनुपातलाई आधारमानी तलबमान कायम गरी काम काजमा लगाउनु पर्नेछ ।

**अपेक्षित उपलब्धी:** यो कृयाकलाप सम्पन्न भए पश्चात् डिभिजन वन कार्यालयबाटसुपरभाईजर, ग्रामिण वित्त सहायक, वन प्राविधिक (वन सहायक/रेन्जर), सहजकर्ताहरु नियुक्त भई कबुलियती वन समूहहरुको संस्थागत विकास गर्ने कार्यमा सहयोगका लागि परिचालित भएका हुनेछन् । कबुलियती वनको हैसियतमा सुधार आउनुका साथै कबुलियत वन समूहका सदस्यहरुको जीविकोपार्जनमा सुधार आएको हुनेछ ।

**सूचक:** नियुक्ति तथा सम्झौता पत्र, कर्मचारीहरुबाट सम्पादित कार्यहरु समेटिएको मासिक प्रतिवेदन,अन्य विल भरपाई र प्रतिवेदन।

### १२.वन संरक्षण क्षेत्र कार्यक्रम, कर्मचारी/सहजकर्ता र कार्यालय ब्यवस्थापन (सिगास, ग्वालेक, महाभारत, बसन्ता, लालझाडी मोहना र तेलेलेक)

यस शीर्षकमा विनियोजित रकम घोषणा भएका वा प्रस्तावित वन संरक्षण क्षेत्रहरुमावन जंगल एवम् वन्यजन्तु संरक्षण तथा जनचेतनामूलक कार्यक्रम,पानीका स्रोत/मुहानहरुको संरक्षण गर्ने, पर्यापर्यटन अभिवृद्धि गर्ने, स्थानीय जनताको आय एवं रोजगारीमूलक कार्यक्रमहरु सञ्चालन गर्ने, उपयुक्त जडिबुटी खेति विस्तार, बासस्थान तथा जैविक विविधता संरक्षण,वैकल्पिक ऊर्जा प्रबर्द्धन गर्ने साथै यीकृयाकलापहरुको प्रभावकारी कार्यान्वयनमा सहजीकरणका लागि कर्मचारी/सहजकर्ता परिचालन गर्ने, कार्यालय ब्यवस्थापन तथा कार्यक्रमहरुको अनुगमन जस्ता कार्यहरुमा खर्च गर्न सकिने छ ।

यस शिर्षकमा विनियोजित बजेटडिभिजन वन कार्यालयको कर्मचारी बैठकबाटविभिन्न कृयाकलापहरुमा विभाजन गरीकार्यालय प्रमुखको स्वीकृती पश्चातकार्यान्वयन गर्नुपर्नेछ । कार्यक्रमको कार्यान्वयन डिभिजन/सव-डिभिजन वन कार्यालय मार्फत् गर्नुपर्नेछ ।



दीर्घनारायण काइराला
प्रदेश सचिव

**अपेक्षित उपलब्धी:**यो कृयाकलाप सम्पन्न भए पश्चात् प्रदेश अन्तरगतका विभिन्न जिल्लाका घोषित/प्रस्तावितवन संरक्षण क्षेत्रहरुमा विभिन्न जैविक विविधता संरक्षणका कृयाकलापहरु सञ्चालनका साथै उक्त वन क्षेत्र आसपास बसोबास गर्ने बासिन्दाहरु वन संरक्षण क्षेत्रको विकास तथा संरक्षणमा सक्रीय सहभागी हुनुका साथै त्यहाँ सञ्चालन हुने विभिन्न आयमूलक कृयाकलापहरुबाट लाभान्वित भएका हुनेछन्।

**सूचक:**विभिन्न कृयाकलापहरु सञ्चालनका लागि वन समूहहरुसंग भएका सम्झौता पत्रहरु, विभिन्न कृयाकलाप सञ्चालन भएको प्रतिवेदन तथा जाँचपास प्रतिवेदन र सरोकारवालाहरु स्पष्ट देखिनेगरी विभिन्न चरणको फोटोहरु ।

## १३. वन तथा वन्यजन्तुसम्बन्धी मुद्दाको अनुसन्धान, अभियोजन तथा मुद्दा दायरी

वन जङ्गल नोक्सान गर्ने, वन अपराध जस्तैः चोरी कटानी, वन्यजन्तु शिकार तथा आखेटोपहार ओसार पसारमा संलग्न व्यक्तिहरुलाई पक्राउ गरीमुद्दाको अनुसन्धान, अभियोजन तथा मुद्दा दायरी गर्नका लागि आवश्यक पर्ने मसलन्द खर्च, वन अपराधीलाई पक्राउ गरी ल्याउन लैजान सवारी भाडा, बरामद भएका वन पैदावार लगायत अन्य दसी प्रमाणसँग सम्बन्धित सामानहरुढुवानी,अनुसन्धान खर्च, बकपत्रमा साक्षीहरु झिकाउंदा निजहरुको यातायातका लागि लाग्ने खर्च, सूचना प्रसारण खर्च, अनुसन्धानको क्रममा खटिंदा दैनिक भ्रमणभत्ता, ईन्धन, यातायात जस्ता शीर्षकमा बिनियोजित रकम खर्च गर्न सकिने छ ।

**अपेक्षित उपलब्धी:**कृयाकलाप सम्पन्न भए पश्चात् डिभिजन वन कार्यालयको कार्यक्षेत्रमा हुने वन अपराधका घटनाहरुमा संलग्न व्यक्तिहरु उपर अनुसन्धान तथा मुद्दा दायर हुने र वन अपराधका घटनामा कमी आउने।

**सूचक:**विल भरपाई,अदालतमा पेश गरेको अभियोग पत्र तथा मुद्दासँग सम्बन्धित कागजातहरुको फोटोकपी।

## १४. उत्कृष्ट कबुलियती वन उपभोक्ता समूह पुरस्कार

सब डिभिजन वन कार्यालयहरुबाट सिफारिस भई आएका उत्कृष्ट कबुलियती वन समूहरुलाई तोकिएको मापदण्ड तथा सुचकहरुको आधारमा जिल्लास्तरमा प्रथम, दोस्रो तथा तेस्रो पुरस्कार र प्रमाणपत्र प्रदान गरिने छ । यस शीर्षकमा विनियोजित रकमबाट प्रमाणपत्र तयार गर्ने तथा नगद रकम पुरस्कार स्वरुप वितरण गर्ने र समारोह आयोजना गर्नका लागि खर्च गर्न सकिनेछ ।

**अपेक्षितउपलब्धी:**जिल्लामा दर्ता भई कृयाशिल रहेकाकबुलियती वन समूहले वर्षभरी गरेका कृयाकलापहरुको विश्लेषण तथा मूल्याङ्कनबाट उत्कृष्ट समूह पहिचान भई पुरस्कार प्राप्त गरेका हुनेछन्।

**सूचक:**मूल्याङ्कन समितिको प्रतिवेदन, विल भरपाई, प्रमाणपत्रको फोटोकपी, फोटो ।

## १५. प्रचार प्रसार सामाग्री उत्पादन, प्रकाशन र वितरण

कार्यक्रम कार्यान्वयन गर्ने निकायले वनको संरक्षण, वन डढेलो तथा वन अतिक्रमण नियन्त्रण, जैविक विविधता संरक्षण, वन्यजन्तु संरक्षण, वन तथा वन्यजन्तुसँग सम्बन्धित प्रचार प्रसार सामाग्रीजस्तैः पम्पलेट,



धर्मनारायण कोइराला
प्रदेश सचिव

ब्रोसर, बुकलेट, सूचना बोर्ड, छपाई तथा प्रकाशन,स्थानीयपत्रिकातथा एफ एम बाट प्रकाशन/प्रशारण, सूचना वोर्ड, श्रव्य दृष्य सामाग्री, संरक्षण सम्बन्धी दृष्य झल्कने टिसर्ट तथा क्याप छपाई तथा प्रकाशन आदिमा खर्च गर्न सकिनेछ। यसरी उत्पादन तथा प्रकाशन गरिएका प्रचार प्रसार सामाग्रीहरु सम्बन्धित सरोकारवालाहरुलाई वितरण गर्नु पर्नेछ ।

**अपेक्षित उपलब्धी:**कृयाकलाप सम्पन्न भए पश्चात वन, वातावरण तथा जैविक विविधता संरक्षण तथा वन अपराध र दण्ड सजायहरुका वारेमा जानकारी प्राप्त गरी संरक्षण कार्यमासकारात्मक टेवा पुगेको हुनेछ ।

**सूचकः** प्रकाशन गरिएका प्रचार प्रसार सामाग्रीको नमुना, एफ एम रेडियोबाट प्रशारण गरिएको सामाग्री, भिडियो,बिल भरपाई, फोटो ।

## १६. विरुवा उत्पादन (डिभिजन वन कार्यालय र सब-डिभिजन वन कार्यालय मार्फत)

खाली रहेको वन क्षेत्रमा वृक्षारोपण गर्न, निजी क्षेत्र तथा उपलब्ध जग्गामा विरुवा रोपण गरी रुखले ढाकेको क्षेत्रको विस्तार गर्न तथा वन पैदावारको उत्पादनमा टेवा पुऱ्याउन डिभिजन वन कार्यालय र मातहतका सब-डिभिजन वन कार्यालयमा कार्यरत वन प्राविधिक कर्मचारी मार्फत बिरुवा उत्पादन कार्ययोजना बनाइ यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । सम्बन्धित कार्यालयको बैठकबाट स्थानीय आवश्यकता, उपभोक्ताहरुको माग, प्राविधिक उपयुक्तताका आधारमा विभिन्न प्रकारका रुख, काष्ठ/गैरकाष्ठ तथा अन्य बहुउपयोगी प्रजाति छनौट गर्नेछ । कार्यालय आफैले नर्सरी सञ्चालन गर्दा बीउ स्रोत, समयतालिका, विरुवा वितरणको विवरण खुल्ने गरीसम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गरिएको वन नर्सरी रजिष्टर राख्नु पर्नेछ । वन नर्सरीमा उत्पादित विरुवाको अद्यावधिक विवरण अनिवार्य रुपमा राख्नु पर्नेछ।

सम्बन्धित जिल्लाको भौगोलिक बनावट, स्थानीय हावापानी, मोहडा लगायत आधारहरुलाई दृष्टिगत गरी प्रजाति छनौट समेत गरी सम्बन्धित पकेट क्षेत्रमा वृक्षारोपण गर्ने गरी अग्रिम आवश्यकता तथा सम्भाव्यता पहिचान गरी विरुवा उत्पादन गर्नु पर्नेछ ।

**अपेक्षित उपलब्धी:**कृयाकलाप सम्पन्न भए पश्चात् डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुमा रहेका नर्सरीहरुमा गुणस्तरीय विरुवाहरु उत्पादन भएको हुनेछ ।

**सूचकः**कार्यसम्पन्न तथा जाँचपास प्रतिवेदन, विल भरपाईहरु,विरुवा वितरणको भरपाई पत्र, विभिन्न चरणका फोटोहरुसमेत संलग्न राख्नु पर्नेछ ।

**जोखिमः**समय अनुसार सञ्चालन गर्नु पर्ने कार्य नगरेमा, गुणस्तरीय विऊ प्रयोग नभएमा, विपद् परी क्षतिग्रस्त भएमा गुणस्तरीय विरुवा उत्पादन हुन नसक्ने।

## १७. सामुदायिक वनको वन व्यवस्थापन कार्ययोजना नवीकरण/परिमार्जन

वन ऐन, २०७६,वन नियमावली, २०७९, सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७, नियमावली, २०७८, सामुदायिक वनको मागदर्शन,२०८१ तथा सामुदायिक वनको सर्वेक्षण मार्गदर्शन, २०६१ ले निर्धारण गरेको आवश्यक प्रक्रियाहरु पूरागरी कार्ययोजनाको म्याद समाप्त भएका सामुदायिक वनको कार्ययोजना नवीकरण



दीर्घनारायण कोइराला
प्रदेश सचिव

कार्यमा यस शीर्षकबाट खर्च गरिनेछ ।कार्ययोजना नवीकरण/परिमार्जन कार्यको सहजीकरण तथा सिफारिस गर्ने कार्य कम्तीमा रेन्जर तहका वन प्राबिधिकबाट हुनुपर्नेछ । प्रदेश स्तरका डिभिजन तथा सबडिभिजन वन कार्यालयका कर्मचारीबाट यो कार्य गर्नु पर्नेछ। कार्यबोझको आधारमा सेवा प्रदायकबाट समेत यो कार्य गर्न सकिनेछ ।कार्ययोजना नवीकरण/परिमार्जन गर्दा सामुदायिक वन समूहहरुसँग समन्वय तथा सहकार्य गर्नु पर्नेछ।यस शीर्षकमा उपलब्ध बजेटबाट वन स्रोत सर्भेक्षण, नक्शा तयारी, टोल/समुदाय छलफल गोष्ठी, खाजा खर्चर कार्ययोजना तयारीको लागि टाइपिङ, प्रिन्टिङ र बाईन्डिङजस्ता कार्यमा खर्च गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धी:** कृयाकलाप सम्पन्न भए पश्चात म्याद समाप्त भएका सामुदायिक वनको कार्यान्यिन अवधी नवीकरण भई यसमा आवद्ध समुदायहरु वन क्षेत्रको संरक्षणमा सक्रिय रुपमा सहभागी भई वनको समुचित ब्यवस्थापनमा टेवा पुग्नुका साथै सँलग्न उपभोक्ताहरु वन पैदावारको उपभोगबाट लाभान्वित भएका हुनेछन्।

**सूचक:**विल भरपाई, नवीकरण/परिमार्जित कार्ययोजना।

## १८. वन गस्ती परिचालन

वन तथा वन्यजन्तु संरक्षणका लागी वन कर्मचारी,सुरक्षा निकाय लगायतकाजनशक्तिहरुबाट गस्ती परिचालन गर्दा खाजा,इन्धन, गस्तीमा प्रयोग हुने सवारी साधन मर्मत सम्भार, गस्तिमा खटिने कर्मचारीहरुको लागी फिल्ड गियर जस्ता सामाग्री समेतको लागि खर्च गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धी:** कृयाकलाप सञ्चालन भएपछि वन अपराधका घटनाहरुमा न्यूनता आएको हुनेछ ।

**सूचक:**विल भरपाई,सवारी साधनको लगबुकको रेकर्ड,कर्मचारीहरुको दैनिक डायरी अभिलेख।

**जोखिम:**गस्तीकार्य नगर्दा, गस्तिमा एउटै समय र बाटो प्रयोग भएमा चोरी तस्करी गर्नेहरुले विभिन्न रुट, साधन र समय तालिका प्रयोग गरी तस्करी गर्न सक्ने जोखिम रहेको ।

## १९. सामुदायिक वनमा वन सम्बर्द्धन स्थलगत अभ्यास

सामुदायिक वनको प्रकार, किसिम तथा अवस्थाको आधारमा सिफारिस गरिएको वन सम्वर्द्धनको क्रियाकलापहरु सञ्चालन गर्न स्थानीय उपभोक्ता समूहहरुलाई प्रशिक्षण गर्न यो क्रियाकलाप सञ्चालनगरिने छ । वन व्यवस्थापन अभिमुखिकरण तालिम/फिल्ड स्तरीय अभ्यासमा सहभागीहरु तथा प्रशिक्षकको लागि खाजा, स्टेशनरी, प्रशिक्षक भत्ताका लागी यस शीर्षकमा बिनियोजित बजेट खर्च गर्न सकिनेछ। स्थलगत अभ्यासको क्रममा उत्पादित वन पैदावारको तोकिए बमोजिम उपयोग गरिनेछ । यसका लागि नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी भएको कार्य सञ्चालन निर्देशिका, वन तथा वातावरण मन्त्रालयवाट स्वीकृत नर्मस एवम् जिल्ला दररेटको प्रयोग गर्न सकिनेछ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुँदाहरु समावेश गर्नु पर्ने छ।

- अभ्यास सञ्चालनगरिएको समूहको नाम, ठेगाना
- अभ्यासमा उपस्थित संख्या
- लागत खर्च

धनेनारायण कोइराला
प्रदेश सचिव

• वन व्यवस्थापनका मुख्य क्रियाकलापहरु तथा फोटो

**अपेक्षित उपलब्धी:**कृयाकलाप सम्पन्न भए पश्चात् डिभिजन वन कार्यालय अन्तरगतका सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरु वन सम्बर्द्धन कृयाकलापहरुको सैदान्तिक विषयमा जानकार भई आ-आफ्नो वन क्षेत्रमा वन सम्बर्द्धनका कृयाकलापहरुको व्यावहारिक प्रयोग गरेका हुनेछन् ।

**सूचक:**सहभागीहरुको उपस्थिति विवरण,कार्यसम्पन्न प्रतिवेदन, विल भरपाईहरु, सरोकारवालाहरु समेत देखिने विभिन्न चरणका फोटोहरुसमेत संलग्न राख्नु पर्ने, आदि ।

**जोखिम :** वन सम्बर्द्धन स्थलगत अभ्यास नगरेमा वन स्रोतको उत्पादकत्वमा ह्रास आउने, मिचाहा प्रजाति बढ्दै जाने, सम्बर्द्धन प्रणाली नअपनाउँदा उपभोक्ता प्रशिक्षित नहुने, वन डढेलो बृद्धि हुने र उपभोक्ता माझ वनको आफुखुसी दोहन बढ्न सक्ने जोखिम रहेको ।

## २०. वन डढेलो रोकथाम, नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन

वनजंगलमा आगलागी एवं डढेलोको प्रकोप गम्भीर रुपमा देखापर्दै आएको छ । कतिपय अवस्थामा वन डढेलोको प्रकोप मानिसको नियन्त्रण भन्दा वाहिर देखापर्ने गरेको छ । वन डढेलोको रोकथाम तथा नियन्त्रण गर्न पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजनामा उल्लेखित कृयाकलापहरु एक मुख्य आधार हुनेछ । आवश्यकतानुसार नजिकका सामुदायिक वन उपभोक्ता समूहहरुलाई संस्थागत रुपमा समन्वय गरी अग्नि रोकथाम तथा नियन्त्रण सञ्जालको रुपमा रुपान्तरण गर्नु पर्दछ । यस शीर्षकमा व्यवस्था भएको रकम वन क्षेत्रमा रहेको प्रज्वलनसिल पदार्थहटाउने/सङ्कलन गर्ने, नियन्त्रित रुपमा जलाउने,नियन्त्रित डढेलो लगाउने, अग्नि नियन्त्रण संजाल परिचालन गर्नेसाथै अग्निरेखा निर्माण तथा मर्मत सुधार, प्रचारप्रसार, जनचेतना अभिवृद्धि, कर्मचारी, स्थानीय उपभोक्ता तथा सुरक्षा निकाय परिचालन, प्राथमिक उपचार, बारुण यन्त्र परिचालन, अग्नि नियन्त्रण सामाग्री खरिदआदि कार्यक्रमहरुमा समेत खर्चगर्न सकिनेछ । यस क्रममा आवश्यकइन्धन, खाजा,पानी आदि कार्यमा समेत खर्च गर्न सकिनेछ। वन डढेलो नियन्त्रण कार्यक्रम सम्पन्न भएपश्चात् प्रगति प्रतिवेदन तयार गरी पेश गर्नु पर्नेछ ।

**अपेक्षित उपलब्धी:** यो कृयाकलाप सम्पन्न भए पश्चात् जिल्लामा वन डढेलोका घटनाहरुमा न्यूनीकरणभईवन वातावरण तथा जैविक विविधता संरक्षणमा टेवा पुगेको हुनेछ साथै वन क्षेत्र बाहिर हुने धन जनको क्षतिमा समेत कमी आएको हुनेछ ।

**सूचक:**होडिङ बोर्ड, भित्ते लेखन तथा एफ एम रेडियोबाट प्रसारित सूचना सामग्री, सम्झौता र विल भरपाई,कार्यसम्पन्न तथा जाँचपास प्रतिवेदन,सरोकारवालाहरु समेत देखिने विभिन्न चरणका फोटो ।

**जोखिम:**डढेलोको उच्च प्रकोप हुने क्षेत्रमा प्राथमिकताका साथ कार्य सञ्चालन गर्न नसकिएमा कृयाकलाप कार्यान्वयनबाट आशातित उपलब्धी हुन नसक्ने। डढलो नियन्त्रण कार्यमा सावधानी अपनाउन नसकिएमा नियन्त्रणमा खटिएका ब्यक्तिहरु घाइते हुन सक्ने, चोटपटक लाग्न सक्ने ।

नारायण कोइराला
प्रदेश सचिव

## २१. अग्निरेखा निर्माण तथा सरसफाई

वन डढेलोबाट बढी सम्बेदनशिल वन क्षेत्रमा वन डढेलो लाग्न नदिन तथा लागी हालेमा एक खण्डबाट अर्को खण्ड वा एक वन क्षेत्रबाट अर्को वन क्षेत्रमा डढेलो फैलिन नदिन माघ मसान्त भित्र अग्निरेखा निर्माण गर्नु पर्नेछ । यस शिर्षकमा विनियोजित बजेट अग्निरेखा निर्माण कार्य तथा नियमित रुपमा अग्निरेखा सरसफाई कार्यका लागी खटाईएका वन हेरालुहरुको पारिश्रमिकमा खर्च गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धी:** यो कृयाकलाप सम्पन्न भए पश्चात् वन क्षेत्रमा अग्निरेखा निर्माणबाट वन डढेलोका घटनाहरुमा न्यूनीकरण भई वन वातावरण तथा जैविक विविधता संरक्षणमा टेवा पुगेको हुनेछ साथै वन क्षेत्र बाहिर हुने धन जनको क्षतिमा समेत कमी आएको हुनेछ ।

**सूचक:**अग्निरेखा निर्माण, विल भरपाई,कार्यसम्पन्न तथा जांचपास प्रतिवेदन, सरोकारवालाहरु समेत देखिने विभिन्न चरणका फोटोहरुसमेत संलग्न राख्नु पर्ने, आदि ।

**जोखिम:**ठुलो बेगको हावाहुरी चलेको बखत वन डढेलो एक खण्डबाट अर्को खण्ड वा एक वन क्षेत्रबाट अर्को वन क्षेत्रमा फैलिन गई वन क्षेत्रको हानी नोक्सानी हुन सक्ने ।

## २२. काठ दाउरा संकलन खर्च

सरकारद्वारा व्यवस्थित वनमा हावाहुरी वा अन्य प्राकृतिक प्रकोपका कारणले ढलेका, जोखिमयुक्ततथा सुखड खडा रुखहरु प्रचलित वन सम्बन्धी ऐन, नियमानुसार सङ्कलन तथा घाटगद्धि गर्न, मुद्धामा बरामद भएका काठ, दाउरा तथा बेवारिसे अवस्थामा फेला परेका काठ दाउरा ढुवानी गरी सुरक्षित स्थानमा घाटगद्धि गर्ने कार्यमा यस शिर्षकमा विनियोजित रकम खर्च गर्न सकिनेछ ।

विनियोजित रकम सूचना प्रकाशन, छपान, कटानमुछान, ढुवानी, लोड, अनलोड, पाईलिङ, ग्रेडिङ्ग आदि कार्यमा प्रचलित नर्मस् एवं जिल्ला दररेट वमोजिम खर्च गर्नुपर्ने छ ।

**अपेक्षित उपलब्धी:** कृयाकलाप सम्पन्न भए पश्चात डिभिजन वन कार्यालयको स्वीकृत वन ब्यबस्थापन कार्ययोजना बमोजिम सरकारद्वाराव्यवस्थित वनबाट र प्राकृतिक प्रकोपमा जम्मा हुने ढलापडा काठ दाउरा संकलन गरी नियमानुसार सदुपयोग भएको हुनेछ ।

**सूचक:**संकलित काठ दाउराको लगत मुल्याङ्कन विवरण, कटान रजिष्टर, घाटगद्दी रजिष्टर, विक्री भएको भए सोको प्रमाण, संकलन गर्दा भएका खर्चहरुको विल भरपाई, सरोकारवालाहरु समेत देखिने विभिन्न चरणका फोटो।

**जोखिम:**अनुगमन गर्ने निकायबाट नियमित तथा प्रभावकारी रुपमा अनुगमन नभएमा सङ्कलित काठ दाउरा चोरी हुन सक्ने,आगलागी भई नोक्सानी हुन सक्ने, समयमा विक्रि वितरण नहुनसक्ने।

धनारायण कोइराला
प्रदेश सचिव

## २३. Rapid ResponseTeamरCommunityBased Antipoaching Unit (CBAPU)परिचालन

चोरी शिकारी नियन्त्रण,वन्यजन्तुको उद्दार तथा ब्यबस्थापन, टुहुरा, घाईते, अशक्त, हिंस्रक, आक्रमणको चपेटामा परेका वन्यजन्तुको उद्धार गरी सुरक्षित तवरले प्राकृतिक वासस्थान वा अन्य कुनै पर-स्थानीय (Ex-Situ) संरक्षण एवम् वन डढेलो नियन्त्रण गर्ने गरीवन प्राविधिक, स्थानीय उपभोक्ता, सुरक्षा निकाय, स्थानीय प्रशासन, भेटेरीनरीअस्पाताल तथा पशुसेवा विज्ञ केन्द्रका प्राविधिक कर्मचारी र नजिकका समूहका प्रतिनिधिहरु समेत रहने गरी Rapid Response Team गठन गरिनेछ । यस शीर्षकमा विनियोजित रकमलाई Rapid Response Teamगठन तथा परिचालन साथै CBAPUपरिचालन गर्ने र उक्त टोलीलाई जिल्लास्तरमा आवश्यक पर्ने निम्न उल्लेखित उपकरण तथा सामाग्रीहरु खरीद तथा परिचालन गर्ने कार्यमा खर्च गरिने छ।

- वन्यजन्तु उद्दारका सामाग्रीहरु खरीद
- वन डढेलो नियन्त्रणका सामाग्रीहरु खरीद
- फिल्ड गियर खरीद
- केज तथा टहरा निर्माण
- उद्दारका लागि आवश्यकता अनुसारसवारी साधन भाडामा लिने प्रयोजन
- औषधी उपचार
- खाना, खाजा
- इन्धन, मर्मत सम्भार

**अपेक्षित उपलब्धी** : कृयाकलाप सम्पन्न भए पश्चात चोरी शिकारी नियन्त्रण,वन्यजन्तुको उद्धार तथा ब्यबस्थापनहुनुका साथै टुहुरा, घाईते, अशक्त, हिंस्रक,समस्यामा परेका वन्यजन्तुको छिटो र सहज तवरले उद्धार हुने ।

**सूचक**:उद्धार गरिएका वन्यजन्तु, केज,विलभर्पाई, उपकरणहरु, फोटा ।

**जोखिम**:Rapid Responseटिमतथा CBAPU टिमपरिचालन हुने टोलीका सदस्यहरु घाईते हुन सक्ने तथा चोटपटक लाग्न सक्ने र वन्यजन्तु समेत घाइते हुनसक्ने ।

## २४. सव डिभिजन वन कार्यालय ब्यवस्थापन खर्च

सव डिभिजन वन कार्यालयलाई आवश्यक पर्ने मसलन्द खर्च जस्तै Toilet हार्पिक, हातधुने साबुन, फोटोकपी पाना, टोनर रिफिल, कलम, स्टिच पिन, चियापान, ईन्धन, संचार तथा सव डिभिजन वन कार्यालय भवनको स-साना मर्मत आदि कार्यमा खर्च गर्ने कार्यमा विनियोजित बजेट खर्च गरिनेछ।

**अपेक्षित उपलब्धी**: कृयाकलाप सम्पन्न भए पश्चात सव डिभिजन वन कार्यालयले दैनिक रुपमा कार्यालय सञ्चालन तथा व्यवस्थापन गर्दा आवश्यक पर्ने मसलन्द सामानहरु व्यवस्थापनमा सहजता आउनेछ।

**सूचक**:विलभर्पाई।



...रायण कोइराला
... सचिव

२५. बहुबर्षीय विरूवा उत्पादन

यस कार्यक्रम अन्तरगत स्थानीय स्तरमा उपयुक्त हुने बहु उद्देश्यीय प्रजातिहरु छनौट गरी डिभिजन वन कार्यालयद्वारा निर्माण गरिएको उच्च प्रविधियुक्त नर्सरी (HiTech Nursery) /साधारण नर्सरीमा विरुवा उत्पादन कार्य सञ्चालन गर्नु पर्नेछ । विरुवा उत्पादन कार्यका लागि कम्तिमा पनि ४"*७" साईजका पोलिथिन ब्यागको प्रयोग गर्नु पर्नेछ । विरुवा कम्तिमा १.५ वर्षको भएपछिप्राविधिक दृष्टिकोणले रोपणयोग्य भएपश्चात वृक्षारोपण गरिनेछ वा वृक्षारोपण प्रयोजनका लागि वितरण गर्न सकिने छ । यस शीर्षकमा विनियोजित बजेट रकम प्रचलित आर्थिक ऐन नियम र जिल्ला दररेट बमोजिम नर्सरी नाईके तथा नर्सरी सुरक्षा र विरुवा उत्पादनका लागि आवश्यक पर्ने विभिन्न सामाग्रीहरु, वीउविजन तथा ज्यामी लगायतका शीर्षकहरुमा खर्च गरिने छ ।

सम्बन्धित जिल्लाको भौगोलिक बनावट, स्थानीय हावापानी, मोहडा, स्थानीय आवश्यकता तथा चाहना लगायत आधारहरुलाई दृष्टिगत गरी प्रजाति छनौट समेत गरी सम्बन्धित पकेट क्षेत्रमा वृक्षारोपण गर्ने गरी अग्रिम आवश्यकता तथा सम्भाव्यता पहिचान गरी विरुवा उत्पादन गर्नु पर्नेछ ।

**अपेक्षित उपलब्धीः** कृयाकलाप सम्पन्न भएपश्चात् स्थानीयस्तरमा राम्रोसंग हुर्कन सक्ने प्रजातिका करिब ३ फिट अग्ला स्वस्थ र गुणस्तरीय विरुवाहरु उत्पादन भएको हुनेछ ।

**सूचकः**विरुवा उत्पादन तथा वितरण रजिष्टर, कार्यसम्पन्न तथा जांचपास प्रतिवेदन, विल भरपाई, सरोकारवालाहरु समेत देखिने विभिन्न चरणका फोटा ।

**जोखिमः** उपयुक्त प्रजाती, उपयुक्त वीउको छनौट, पोलिथिन ब्यागको छनौट, उपयुक्त माटोको छनौट, माटो, बालुवा र मलको मिश्रण गर्दा प्राविधिकको निगरानी नभएमा विरुवा उत्पादन कार्यको गुणस्तरीयतामा नकारात्मक प्रभाव पार्न सक्ने। ढिलो बढ्ने प्रजाति भएमा १.५ वर्षमा ३ फिट अग्लो नहुन सक्ने ।

२६. सडक किनारमा वृक्षारोपण

जिल्ला भित्रका सहरोन्मुख क्षेत्रमा निर्माण भएका सडकको दायाँ बायाँ दुबैतर्फ सौन्दर्यमूलक विरुवाहरु रोपण गरी हरित शहर निर्माण गर्नुका साथै वातावरणीय प्रदूषण नियन्त्रण गर्नु यस कृयाकलापको उद्देश्य रहेको छ।

सडक किनारमा वृक्षारोपणार्थ विरुवा छनौट गर्दा स्थानीय स्तरमा सजिलै हुर्कन सक्ने, प्राय संधै हरियाली रहने, सौन्दर्य प्रदायक, झाङ्गिने प्रकृतिको मुलजरा गहिरो जाने खालको प्रजातिलाई छनौट गर्नु पर्नेछ । कम्तिमा ३ फिटको विरुवा रोपण गर्नु पर्नेछ । डिभिजन वन कार्यालयद्वारा सञ्चालित नर्सरीमा हुर्काईएका बहुवर्षीय विरुवा उपलब्ध भएमा सोहि विरुवा उपयोग गर्नु पर्नेछ । यदी डिभिजन वन कार्यालयको नर्सरीमा



नारायण कोइराला
सचिव

विरुवा मौज्दात नरहेको खण्डमा उपलब्ध भएसम्म प्रदेश स्तरमा उत्पादित गुणस्तरीय विरुवा निजी नर्सरीबाट खरीद समेत गरी वृक्षारोपण गर्न सकिनेछ ।

वृक्षारोपण गरिएको विरुवालाई सुरक्षा प्रदान गर्नको लागि Ironवा बाँस, काठ लगायतका स्थानीय स्तरमा उपलब्ध सामाग्रीबाट निर्मित कम्तिमा ५ फिट अग्लोTree Guard ले विरुवालाई छेकबार गर्नु पर्दछ ।

यो कार्य सञ्चालनका लागि स्थानीय तहसंग समेत सहकार्य गर्न सकिएमा प्रभावकारी हुनेछ । स्थानीय तह तथा अन्य निकायसंग सहकार्य गर्दा सम्झौता गरी कार्यक्रम संचालन गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धीः** कृयाकलाप सम्पन्न भए पश्चात् सडक किनारामा वृक्षारोपण भई हरियाली प्रवर्द्धन भएको हुनेछ ।

**सूचकः**कार्यसम्पन्न तथा जांचपास प्रतिवेदन, विल भरपाई, सरोकारवालाहरु समेत देखिने विभिन्न चरणका फोटा।

**जोखिमः** गुणस्तरीय विरुवाको छनौटमा ध्यान नदिईएमा र Tree Guard को व्यवस्था नगरिएमा वृक्षारोपण सफल नहुन सक्छ ।

## २७. विभिन्न दिवस समारोह

जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धी जनचेतना अभिबृद्धि गरी धेरै भन्दा धेरै समुदायलाई जैविक विविधता संरक्षणमा सहभागी गराउनका लागि वन तथा वातावरण संरक्षण सम्बन्धी विभिन्न दिवस तथा समारोहहरु (वातावरण दिवस, सिमसार दिवस, जैविक विविधता संरक्षण दिवस, सामुदायिक वन दिवस, चुरे संरक्षण दिवस, भू संरक्षण दिवस आदि) मनाउने प्रयोजनका लागि यस कार्यक्रममा बजेट विनियोजन गरिएको हो ।

जिल्लास्तरमा सरोकारवालाहरुको समेत सहभागितामा यस्ता दिवसहरु मनाईनेछन् । स्थान विशेष र परिवेशको आधारमा अन्तरकृया गोष्ठि, समारोह, हाजिरी जवाफ प्रतियोगिता,निबन्ध प्रतियोगिता लगायत विविध कार्यक्रमहरुको आयोजना गरी यी दिवसहरु मनाईनेछन् ।

**अपेक्षित उपलब्धीः** वन वातावरण तथा जैविक विविधता संरक्षण सम्बन्धी जनचेतना बृद्धि भएको हुनेछ ।

**सूचक :** कार्यसम्पन्न प्रतिवेदन, विल भरपाई र फोटोहरु आदि ।

**जोखिमः**सरोकारवाला सबै निकायहरुलाई सहभागी गराउन नसकिएमा र उपयुक्त स्थान छनौट गर्न नसकिएमा कार्यक्रम प्रभावकारी हुन नसक्ने ।



...र्धनारायण कोइराला
प्रदेश सचिव

## २८. वार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन

कार्यालयहरुले आफ्नो वार्षिक स्वीकृत कार्यक्रम बमोजिमका कृयाकलापहरु सञ्चालन गर्दा गरेका प्रगति तथा हासिल गरेका उपलब्धी समेटेर पुस्तिका छपाई गर्नु पर्नेछ । पुस्तिका तयार गर्दा सम्पन्न गरिएका मुख्य मुख्य कृयाकलापहरुको कृयाकलापगत रुपमा विस्तृत विवरण (सञ्चालन गरिएको ठेगाना, खर्च भएको रकम, लाभान्वित घरधुरी तथा सम्भव भएसम्म फोटो समेत)उल्लेख गर्नु पर्नेछ ।

**अपेक्षित उपलब्धी:** वार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन भएको हुनेछ ।

**सूचक :** प्रगति प्रतिवेदन पुस्तिका, कार्यसम्पन्न प्रतिवेदन, विल भरपाई र फोटो ।

**जोखिम :**विस्तृत विवरण उल्लेख नगरिएमा पुस्तिकाको महत्व कम रहने ।

## २९. अग्नि नियन्त्रणसम्बन्धी स्थलगत फिल्ड अभ्यास

डढेलोको अति जोखिमयुक्त क्षेत्रहरुको पहिचान गरी उपयुक्त स्थानमा वन कर्मचारी, सामुदायिक वनका उपभोक्ता तथा स्थानीय समुदायहरुलाई सहभागी गराई जोखिमयुक्त क्षेत्रका सडकका छेउं, गोरेटो बाटो तथा फायर लाईनमा थुप्रेका सुकेका पातपतिङ्गरहरु सफा गर्ने, तिनलाई सुरक्षित स्थानमा जम्मा गरी जलाउने कृयाकलाप सञ्चालन गर्नुका साथै डढेलो नियन्त्रण कार्य गर्दा उपलब्ध सामाग्रीहरुको प्रयोग गर्ने विधी तथा तरिकाहरु लगायतकाविषयमा स्थलगत रुपमानै फिल्ड अभ्यास तथा तालिम सञ्चालन गर्नु पर्नेछ ।

**अपेक्षित उपलब्धी:** यो कृयाकलाप सम्पन्न भए पश्चात् डढेलोको जोखिमयुक्त क्षेत्रहरुमा डढेलोका घटनामा कमी आउनुका साथै स्थानीय समुदायहरु डढेलो र यसको असरहरुका बारे सचेत भई नियन्त्रणका कार्यमा समेत सक्रियतापूर्वक सहभागी हुनेछन् ।

**सूचक:** अग्नि रेखा तथा गोरेटो बाटोका पातपतिङ्गर हरुको सरसफाई भएको दृष्य, सहभागीहरुको उपस्थिति विवरण, कार्यसम्पन्न तथा जांचपास प्रतिवेदन, विल भरपाई, फोटो ।

**जोखिम:** सङ्कलन गरिएका सुकेका पात पतिङ्गर जलाउंदा सुरक्षित स्थान छनौटमा ध्यान दिन नसकेमा थप समस्या सृजना हुन सक्ने ।

## ३०. बहुमूल्य प्रजाति (श्रीखण्ड, अगरउड, रक्तचन्दन) कोविरुवा खरिद तथा वितरण

माथि उल्लेखित प्रजातिहरुको बजार दर उच्च मूल्य रहेको पाइन्छ। यस्ता विरुवालाई किसानको निजीखेत, बारी, खरबारी, निजी वन तथा सामुदायिक वन र कबुलियति वनको खाली तथा नाङ्गो क्षेत्रहरुमा रोपण गरी उत्पादन बढाउन सकेमा किसानहरुले मनग्य आर्थिक आम्दानी प्राप्त गर्न सकिने देखिन्छ ।
कार्यालयले उपरोक्त प्रजातीका गुणस्तरीय विरुवाहरुनिजी नर्सरीबाट खरिद गरी सम्बन्धित जिल्लाका ईच्छुक किसानहरुलाई, निजी वनका धनीलाई, वन उपभोक्ताहरुलाईरोपणका लागि वितरण गर्नु पर्नेछ। लामो दुरीबाट



...धनारायण कोइराला
प्रदेश सचिव

विरुवा ढुवानी गर्दा कलिला विरुवालाई असर (transportation stress) पर्न गई विरुवाको मृत्युदर बढ्ने तथा गुणस्तर परिक्षणमा समेत समस्या हुने हुँदा यस्ता विरुवाहरु उच्च गुणस्तर र न्यूनतम मूल्यमा उपलब्ध भएसम्म प्रदेशभित्र रहेका निजी नर्सरीबाट विरुवा खरिदलाई प्राथमिकता दिइनेछ । विरुवा प्राप्त गर्ने किसानहरुलाई प्राविधिक सहयोग समेत उपलब्ध गराउनु पर्नेछ । यसका अलावा डिभिजन वनकार्यालयको कार्यक्षेत्रमा रहेका खाली क्षेत्रहरुमा समेत वृक्षारोपण गर्नका लागि खरिद गरिएका विरुवा रोपण गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धी:** जिल्लाका विभिन्न स्थानका किसानहरुको निजी जग्गा तथा विभिन्न वन क्षेत्रहरुमा उच्च मूल्यका प्रजातिहरुको खेती विस्तार भएको हुनेछ ।

**सूचक:**विरुवा वितरणको भरपाई, कार्यसम्पन्न तथा जांचपास प्रतिवेदन, विल भरपाईहरु, सरोकारवालाहरु समेत देखिने विभिन्न चरणका फोटोहरुसमेत संलग्न राख्नु पर्ने, आदि ।

**जोखिमः** गुणस्तरीय विरुवाको खरिदमा ध्यान नदिईएमा साथै रोपण पश्चात पर्याप्त स्याहार सम्भार नगरिएमा खेती विस्तार कार्य असफल हुन सक्दछ ।

## ३१. बहुमूल्य प्रजाति (बोधिचित्त, अगरउड, टिमुर, ओखर) को विरुवा खरिद तथा वितरण

माथि उल्लेखित प्रजातिहरुको बजार दर उच्च मूल्य रहेको पाइन्छ। यस्ता विरुवाहरुलाई किसानको निजी खेत, बारी, खरबारी, निजी वन तथा सामुदायिक वन र कबुलियति वनको खाली तथा नाङ्गो क्षेत्रहरुमा रोपण गरी उत्पादन बढाउन सकेमा किसानहरुले मनग्य आर्थिक आम्दानी प्राप्त गर्न सकिने देखिन्छ ।

कार्यालयले उपरोक्त प्रजातीका गुणस्तरीय विरुवाहरु निजी नर्सरीबाट खरिद गरी सम्बन्धित जिल्लाका ईच्छुक किसानहरुलाई, वन उपभोक्ताहरुलाईरोपणका लागि वितरण गर्नु पर्नेछ ।लामो दुरीबाट विरुवा ढुवानी गर्दा कलिला विरुवाहरुलाई असर (transportation stress) पर्न गई विरुवाको मृत्युदर बढ्ने तथा गुणस्तर परिक्षणमा समेत समस्या हुने हुँदा यस्ता विरुवाहरु उच्च गुणस्तर तथा न्यूनतम मूल्यमा उपलब्ध भएसम्म प्रदेशभित्र रहेका निजी नर्सरीबाट विरुवा खरिदलाई प्राथमिकता दिइनेछ । विरुवा प्राप्त गर्ने किसानहरुलाई प्राविधिक सहयोग समेत उपलब्ध गराउनु पर्नेछ । यसका अलावा डिभिजन वन कार्यालयको कार्यक्षेत्रमा रहेका खाली क्षेत्रहरुमा समेत वृक्षारोपण गर्नका लागि खरिद गरिएका विरुवा रोपण गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धी:** जिल्लाका विभिन्न स्थानका किसानहरुको निजी जग्गा तथा विभिन्न वन क्षेत्रहरुमा उच्च मूल्यका प्रजातिहरुको खेती विस्तार भएको हुनेछ ।

**सूचक:**विरुवा वितरणको भरपाई, कार्यसम्पन्न तथा जांचपास प्रतिवेदन, विल भरपाईहरु, सरोकारवालाहरु समेत देखिने विभिन्न चरणका फोटोहरुसमेत संलग्न राख्नु पर्ने, आदि ।

**जोखिमः** गुणस्तरीय विरुवाको खरिदमा ध्यान नदिईएमा साथै रोपण पश्चात पर्याप्त स्याहार सम्भार नगरिएमा खेती विस्तार कार्य असफल हुन सक्दछ ।

शार्ङ्गनारायण कोइराला
प्रदेश सचिव

### ३२. स्थानीय तहका पदाधिकारीहरुलाई प्रचलित वन ऐन, नियमावली, सामुदायिक वनका निर्देशिका र मार्गदर्शन २०७१ बारे अभिमुखिकरण

स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरूलाई प्रचलित वन ऐन, नियमावली, निर्देशिकाहरू र मार्गदर्शनमा भएका व्यवस्थाहरू सम्बन्धमा जानकारी गराउन यस कार्यक्रममा विनियोजित रकम खर्च गरिनेछ । डिभिजनल वन अधिकृत, सरकारी वकिल, लगायत व्यक्तिहरूबाट प्रशिक्षण गराईने छ। वन ऐन २०७६, वन नियमावली २०७९, सुदुरपश्चिम प्रदेश वन ऐन २०७७, सुदुरपश्चिम प्रदेश वन नियमावली २०७८, सुदुरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन २०७७, चालु आर्थिक वर्षको स्वीकृत सुदूरपश्चिम प्रदेश आर्थिक ऐन,सामुदायिक वनको मार्गदर्शन २०८१, सुदूरपश्चिम प्रदेश सामुदायिक वनको काठ दाउरा सङ्कलन तथा विक्रि वितरण (पहिलो संशोधन) निर्देशिका २०८१ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएका प्रावधानहरुको विषयमा अभिमुखिकरण गराउनु पर्नेछ। यसमा विनियोजन भएको रकम कार्य सञ्चालन निर्देशिका, २०८१(नवौं संस्करण)बमोजिम रकम खर्च गरिनेछ ।कार्यक्रम सम्पन्न भए पछि प्रतिवेदनको साथमा फोटोहरू समेत समाबेश गर्नुपर्ने छ ।

**अपेक्षित उपलब्धि:**यो क्रियाकलाप सम्पन्न भए पश्चात स्थानीय तहका जनप्रतिनिधिहरू तथा सामुदायिक वनका प्रतिनिधिहरु प्रचलित ऐन नियम सम्बन्धि जानकारी प्राप्त गर्नेछन्।

सूचक:सहभागीहरुको उपस्थिति विवरण, विल भरपाई ,फोटोहरू।

### ३३. सामुदायिक वन उपभोक्ता समूहमा लेखा तथा अभिलेखिकरण तालिम

सामुदायिकवनउपभोक्ता समुहका पदाधिकारीहरूमासामुदायिक वनको कोष परिचालन र सो को श्रेस्ता व्यवस्थापन सम्बन्धि क्षमता अभिवृद्धि गर्न यस कार्यक्रममा विनियोजित रकम खर्च गरिने छ। कार्यक्रम संचालन गर्नुपूर्व डिभिजन वन कार्यालयमा छलफल गरी कार्यक्रम गर्ने स्थान,सहभागी,प्रशिक्षक आवश्यकता तथा स्थानीय मागको आधारमा तय गरिने छ ।प्रशिक्षण गर्दादोहोरो लेखा प्रणालीका अतिरिक्त राजश्व प्रशासन,सामुदायिक वनको विगत वर्षका लेखापरिक्षण प्रतिवेदनमा समिक्षा गराउनु पर्ने र चालु आर्थिक वर्षको स्वीकृत सुदुरपश्चिम प्रदेश आर्थिक ऐन,सामुदायिक वनको आर्थिक कार्यविधि निर्देशिका २०७३ मा भएका प्रावधानहरुको विषयमा अभिमुखिकरण गराउनु पर्नेछ ।यसका लागि आवश्यक तयारी, पाठ्यसामाग्री संकलन,प्रशिक्षणकर्ताको व्यवस्था सम्बन्धित कार्यालयको वन प्राविधिकले मिलाउनुपर्ने छ ।तालिम सम्पन्न भए पछि प्रतिवेदनको साथमा फोटा समेत समाबेश गर्नुपर्ने छ ।यसमा विनियोजन भएको रकम कार्य सञ्चालन निर्देशिका, २०८१(नवौं संस्करण)बमोजिम खर्च गरिनेछ ।

**अपेक्षित उपलब्धि:**सामुदायिक वनका पदाधिकारीहरू आफ्नो समुहकोआम्दानी र खर्चको श्रेस्ता राख्न र समूहको आम्दानी तथा सरकारी राजश्व दाखिला सम्बन्धमा जानकारी प्राप्त भएको हुनेछन् ।

सूचक : सहभागीहरुको उपस्थिति विवरण, विल भरपाई,फोटोहरू।



दीर्घनारायण कोइराला
प्रदेश सचिव

३४. जडिबुटी विरुवा उत्पादन/खरिद र खेती विस्तार (टिमुर, चिराईतो, ओखर,श्रीखण्ड,सतुवा, सेतकचिनी, तेजपात, जैतुन आदि)

कार्यक्रम सञ्चालन गर्दा समुदायद्वारा व्यवस्थित वन क्षेत्रमा जडिबुटी विरुवा रोपण गर्ने/गराउने गरी वन समूहहरुलाई प्राथमिकता दिईनेछ । वन समूहहरुबाट कार्यक्रम सञ्चालन हुन नसक्ने भएमा इच्छुक किसानहरुलाई समेत विरुवा वितरण गरी किसानको निजी जग्गामा जडिबुटी खेति विस्तार गर्न सकिनेछ । यसका लागी कार्यालयले उपरोक्त प्रजातीका गुणस्तरीय विरुवाहरु उत्पादन गरी वा निजी नर्सरीबाट गुणस्तरीय बिरुवा खरिद गरी वितरण गर्नु पर्नेछ र रोपण गरिएका विरुवाको संरक्षणको ब्यवस्था सम्बन्धित समूह/किसान आफैले गर्नु पर्नेछ ।

विरुवा खरिद गरीलामो दुरीबाट ढुवानी गर्दा कलिला विरुवाहरुलाई असर (transportation stress) पर्न गई विरुवाको मृत्युदर बढ्ने तथा गुणस्तर परिक्षणमा समेत समस्या हुने हुँदा यस्ता विरुवाहरु उच्च गुणस्तरर न्यूनतम मूल्यमा उपलब्ध भएसम्म प्रदेशभित्र रहेका निजी नर्सरीबाट विरुवा खरिदलाई प्राथमिकता दिइनेछ। विरुवा प्राप्त गर्ने वन समूह तथा किसानहरुलाई वन कार्यालयले प्राविधिक सहयोग समेत उपलब्ध गराउनु पर्नेछ ।

**अपेक्षित उपलब्धी:**समुदायद्वारा ब्यवस्थित वनक्षेत्र तथा किसानहरुको निजी जग्गामा जडिबुटी प्रजातिहरुको खेती विस्तार भएको हुनेछ ।

**सूचक:**कार्यसम्पन्न तथा जांचपास प्रतिवेदन, विल भरपाई, विभिन्न चरणका फोटा ।

**जोखिम:** गुणस्तरीय विरुवाको खरिद तथा ढुवानीमा ध्यान नदिईएमा साथै रोपण पश्चात पर्याप्त स्याहार सम्भार नगरिएमा खेती विस्तार कार्य असफल हुन सक्दछ ।

३५.वृक्षारोपण तथा घेरबार कार्यक्रम

यस शिर्षकमा विनियोजित बजेट तथा कार्यक्रमको उद्देश्य नाङ्गो, खाली, हैसियत बिग्रेको वन क्षेत्रहरुमा स्थानीय हावा पानी सुहाउदो गुणस्तरीय बिरुवा रोपण गर्नुका साथै सो क्षेत्रको संरक्षणार्थ तारबार समेत गर्नु रहेको छ ।यो क्रियाकलाप संचालनका लागि सब डिभिजन वन कार्यालयहरुबाट आ आफ्नो कार्यक्षेत्रमा वृक्षारोपण गर्नु पर्ने स्थलहरुको नक्सा सहितको लागत विवरण डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ ।यसरी प्राप्त भएको प्रस्तावित वृक्षारोपण स्थलहरु उपर डिभिजन वन कार्यालयमा छलफल भई तत्काल वृक्षारोपण गर्नुपर्ने (सम्भावित अतिक्रमणको जोखिमबाट बचाउन, चरिचरणको समस्यालाई नियन्त्रण गर्न, पहिरो तथा भूक्षय नियन्त्रण गर्न, नदि कटानबाट जोगाउन) क्षेत्रहरुको प्राथमिकीकरण गरी बजेटको उपलब्धताको आधारमा क्रमशः वृक्षारोपण गर्नुपर्नेछ । यो क्रियाकलाप संचालन गर्दा प्रचलित नर्मस बमोजिम लागत अनुमान तयार गरी स्वीकृत भएपश्चात नियमानुसार संचालन गर्नुपर्नेछ ।यो क्रियाकलाप संचालन गर्दा आवश्यकता अनुसार स्थानीय समुदाय, वन उपभोक्ता समुहहरु, स्थानीयतहसंग समेत सहकार्य गर्न सकिनेछ ।



दीर्घनारायण कोइराला
प्रदेश सचिव

यस कार्यका लागि डिभिजन वा सबडिभिजन वन कार्यालयद्धारा सञ्चालित नर्सरीमा मौज्दात रहेको विरुवाको उपयोग गरिनेछ। नर्सरीमा विरुवा मौज्दात नरहेको खण्डमा निजी नर्सरीबाट विरुवा खरिद समेत गर्न सकिनेछ । यस शीर्षकमा विनियोजित वजेट आवश्यकता अनुसार विरुवा खरिद, ढुवानी, वृक्षारोपण क्षेत्रको तयारी तथा वृक्षारोपण, सिमेन्ट पोल वा फलामको एङ्गल वा काठको पोल सहितको तारवार जस्ता कार्यमा खर्च गरिनेछ । कार्यक्रम सम्पन्न पश्चात् जि.पि.एस लोकेशन, नक्शा, फोटा आदि पेश गर्नु पर्नेछ।

**अपेक्षित उपलब्धी:**कृयाकलाप सम्पन्न भए पश्चात् स्थानीय स्तरमानागों तथा खाली क्षेत्रहरुमा तारबार सहित वृक्षारोपण भई हरियाली प्रबर्धन भएको हुनेछ । साथै यस कार्यबाट स्थानीय स्तरमा रोजगारी सृजना हुने र सम्भाब्य अतिक्रमण तथा चरिचरणबाट वन क्षेत्र जोगिएको हुनेछ ।

**सूचक** :कार्यसम्पन्न प्रतिबेदन, जाँचपास प्रतिबेदन,डोर हाँजिरी, विल भरपाई,फोटा।

## ३६.कबुलियती वनको कार्ययोजना नबिकरण/परिमार्जन

वन ऐन, २०७६ तथावन नियमावली, २०७९, सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ तथा नियमावली, २०७८ले निर्धारण गरेको आवश्यक प्रक्रियाहरु पूरागरी कार्ययोजनाको म्याद समाप्त भएका कबुलियती वनको कार्ययोजना नवीकरण/परिमार्जन कार्य यस शीर्षकवाट गरिनेछ ।कार्ययोजना पुनरावलोकन कार्यको सहजीकरण तथा सिफारिस गर्ने काम कम्तीमा रेन्जर तहका वन प्राविधिकबाट हुनुपर्नेछ । प्रदेश स्तरका डिभिजन तथा सब डिभिजन वन कार्यालयका कर्मचारीहरुद्वारा यो कार्य गर्नु पर्नेछ।साथै कार्ययोजना नवीकरण गर्दा कबुलियती वन समूहहरुसँग समन्वय तथा सहकार्य गर्नु पर्नेछ।यसमा उपलब्ध बजेटबाट वन स्रोत सर्भेक्षण, नक्शा तयारी, टोल/समुदाय छलफल गोष्ठी, खाजा खर्चर कार्ययोजना तयारीको लागि टाइपिङ, प्रिन्टिङ र बाईन्डिङमा खर्च गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धी:**कृयाकलाप सम्पन्न भए पश्चात् डिभिजन वन कार्यालय अन्तरगत दर्ता भई कृयासिल रहेका कबुलियती वनहरु मध्ये वन ब्यबस्थापन कार्ययोजनाको म्याद समाप्त भएका कबुलियती वनका कार्ययोजनाहरु नविकरण भएका हुनेछन् ।

**सूचक**:विल भरपाई,परिमार्जित कार्ययोजना।

## ३७.बाँस बिरुवा खरिद तथा रोपण/वितरण कार्यक्रम

यस शिर्षकमा विनियोजित बजेट बाट कम्तिमा एक बर्ष उमेर पुरा भएका (बिउबाट वा कटिंगबाट वा राइजोमबाट) गुणस्तरीय बाँसका बिरुवाहरुउपलब्ध भएसम्म डिभिजन वा सब डिभिजन वन कार्यालयद्वारा सञ्चालित नर्सरीमा उत्पादित विरुवा र उपलब्ध नभएमा प्रचलित कानुन बमोजिम दर्ता भइ संचालनमा रहेका निजी नर्सरीबाट नियमानुसार खरिद गरी पहिरो, भू क्षयको प्रकोप रहेको क्षेत्रहरु तथा नदी कटानबाट प्रभावित क्षेत्रहरुमा डिभिजन वन कार्यालयहरुले आफै वृक्षारोपण गर्नेछ वा यस्तो प्रकोप भएको निजी जग्गा तथा समुदायद्वारा ब्यवस्थित वन क्षेत्रहरुमा वृक्षारोपण प्रयोजनार्थ सम्बन्धित किसान, वन उपभोक्ता



दीर्घनारायण कोइराला
प्रदेश सचिव

समुहहरुलाई वितरण गरिनेछ । साथै आफ्नो निजी जग्गामा बाँस प्रजातिको खेती बिस्तार गरी उद्धमी बन्न चाहने इच्छुक किसानहरुलाई समेत बाँस बिरुवा वितरण गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धीः** कृयाकलाप सम्पन्न भए पश्चात् गुणस्तरीय बाँसका विरुवाहरुको वृक्षारोपण भएको हुनेछ।

**सूचक** :कार्यसम्पन्न प्रतिबेदन, जाचपास प्रतिबेदन,विल भरपाई,फोटो।

**३८.धार्मिक वन समूहको नया दर्ता तथा कार्ययोजना हस्तान्तरण**

यो शीर्षकमा विनियोजन भएको रकम प्रचलित वन ऐन, नियमावली वमोजिम नयाँ धार्मिक वन उपभोक्ता समूह गठन गर्ने, उक्त धार्मिक वन दर्ता गर्ने तथा वन कार्ययोजना तयारी गर्ने कार्यमा खर्च गरिने छ । यसको लागि समूह बैठक,वन स्रोत सर्वेक्षणका लागि आवश्यक पर्ने सामाग्रीहरु खरीद, संयुक्त रुपमा सम्बन्धित धार्मिक वन समूहसंग वन भ्रमण गरी नक्सा तयारी गर्ने, कार्ययोजना तयारी गर्नको लागि वन स्रोत सर्भेक्षण गर्ने, भेला वैठक आदिको लागि रकम खर्च गर्न सकिनेछ । यस कार्यको लागि विधान एवम् वन कार्ययोजना तयारी कार्यमा फिल्डमा खटिने कर्मचारीहरुको लागि खाना/खाजा तथा कार्ययोजनाको मस्यौदा तयारी गर्नको लागि आवश्यक रकम,मसलन्द सामाग्रीहरु, प्रिन्टिङ्ग, वाईण्डिङ्ग तथा भेला वैठकमा चिया नास्ताको लागि समेत आवश्यकतानुसार रकम खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनको साथमा तयार गरिएको कार्ययोजना/विधान, नक्साहरु तथा फोटोहरु पेश गर्नु पर्नेछ ।

**अपेक्षित उपलब्धीः**यो कृयाकलाप सम्पन्न भए पश्चात धार्मिक वनमा आबद्ध निकाय तथा समुदाय वन क्षेत्रको संरक्षणमा सक्रीय रुपमा सहभागी भई वनको समुचित व्यवस्थापनमा टेवा पुगेको हुनेछ ।

**सूचकः**धार्मिक वन उपभोक्ता समूह दर्ता प्रमाण पत्र, धार्मिक वन हस्तान्तरणको प्रमाण पत्र र स्वीकृत विधान तथा कार्ययोजना ।

**३९.सब डिभिजन स्तरीय योजना तर्जुमा तथा समिक्षा गोष्ठी**

सब डिभिजन वन कार्यालयको कार्यक्षेत्रभित्र रहेका वन उपभोक्ता समुहहरु, वन वातावरणसंग सरोकार राख्ने सरोकारवाला समेतको सहभागितामा यो गोष्ठी संचालन गरिनेछ ।गोष्ठीमा सरोकारवालाहरुबाट माग भएका योजनाहरुबाट प्राथमिकताको आधारमा उपयुक्त योजनाहरु छनौट गरि आगामी आर्थिक बर्षको बजेट तर्जुमामा समाबेश गर्नका लागि डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ । यस शिर्षकमा विनियोजित वजेट सहभागीहरुको भत्ता, खाजा, स्टेसनरी, हल भाडा, संचार, इन्धन आदिमा खर्च गर्न सकिनेछ ।
**अपेक्षित उपलब्धीः**कृयाकलाप सम्पन्न भए पश्चात् डिभिजन वन कार्यालयको आगामी आर्थिक बर्षको प्रस्तावित कार्यक्रम तथा बजेटको खाका तयार भएको हुनेछ ।
**सूचक** :उपस्थिति विवरण, छनौट भएका योजना संलग्न प्रतिबेदन,विल भरपाई,फोटा।



प्रदेश सचिव

४०.स्थायी नर्सरी निर्माण

यस कार्यक्रम अन्तर्गत नयाँ स्थायी प्रकृतिको नर्सरी निर्माण गर्नुपर्नेछ । खर्च अनुमान गर्दा वन तथा वातावरण मन्त्रालयको प्रचलित स्वीकृत नर्मस तथा जिल्ला दररेट बमिजिम गर्नुपर्नेछ ।नर्सरी राखिएको स्थानमा स्पष्ट देखिने गरि नामाकरण गरि Layout देखिने गरि बोर्ड राख्नु पर्नेछ ।

**उपलब्धि:**यो क्रियाकलाप सम्पन्न भए पश्चातप्राबिधिक दृष्टिकोणबाट उपयुक्त स्थानमा स्थायी नर्सरी निर्माण भई स्थानीय माग बमोजिमका बिरुवा उत्पादन कार्यहरु संचालन भएको हुनेछ ।

**सूचक** :बिल भरपाई, कार्य सम्पन्न प्रतिवेदन, जांचपास प्रतिवेदन, फोटा।

४१.उत्कृस्ट सामुदायिक वन उपभोक्ता समूह पुरस्कार

सामुदायिक वनको मार्गदर्शन, २०८१ कोअनुसूची१० मा उल्लेखित सामुदायिक वनको अनुगमन मूल्याङ्कनका सूचकहरु तथा चालु आर्थिक वर्षको स्वीकृत सुदूरपश्चिम प्रदेश आर्थिक ऐनको प्रावधान अनुसार समूहले जम्मा गर्नुपर्ने राजश्वको अवस्था जस्ता आधारमासामुदायिक वन उपभोक्ता समुहलाई प्रथम, दोस्रो,तेश्रो र सान्त्वना पुरस्कार र प्रमाणपत्र प्रदान गर्नुपर्ने छ ।

**अपेक्षित उपलब्धि:**क्रियाकलाप सम्पन्न भए पश्चात यसले उत्कृष्ट कार्य संचालन गरि पुरस्कृत हुने समुहलाई थप हौसला प्रदान हुनुका साथै अन्य सामुदायिक वन उपभोक्ता समूहलाई समेत उत्कृष्ट कार्य संचालन गर्न हौसला र प्रेरणा प्रदान गर्नेछ ।

**सूचक** :पुरस्कार प्रदानगरिएका सामुदायिक वन उपभोक्ता समुहहरुको नाम र ठेगाना, पुरस्कृत हुनाको कारण तथा सिफारिस, बिल भरपाई, प्रमाण पत्र ,फोटा।

४२.कृषि वन प्रबर्धन कार्यक्रम (बादर/दुम्सी/बदेल/चितुवा प्रभावित क्षेत्रहरुमा)

बाँदर, चितुवा, दुम्सी, बँदेल लगायतका वन्यजन्तुहरुको प्रकोप बढी भएका तथा सडकसंग जोडिएका वन क्षेत्रहरुको पहिचान गरि ती वनक्षेत्रको वरिपरी २ तहमा डालेघाँस र फलफुलकाविरुवा रोपण कार्य तथा घाँस बिउ तथा फलफुल बिरुवा खरिद गरी प्रचलित वृक्षारोपण सम्बन्धी नर्मस्को पालना गरी सम्बन्धित किसानहरुको सहभागीतामा वृक्षारोपण कार्य सम्पन्न गरिनेछ।

**अपेक्षित उपलब्धि:**क्रियाकलाप सम्पन्न भए पश्चात किसानका निजी जग्गामा, कबुलियती वन, सामुदायिक वनहरुमा डाले घास र जंगली फलफुलको प्रबर्धन भई केहि वर्षपछि वन्यजन्तुको आहारको व्यवस्था वन क्षेत्रमा नै हुने र किसानको अन्न बालि नोक्सान हुन बाट रोक्न टेवा पुगेको हुनेछ ।

**सूचक** : जांचपास, कार्यसम्पन्न प्रतिबेदन,बिल भरपाई, फोटो आदि ।

४३.मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागिघेरवार/मेसवायरतथा अन्य पूर्वाधार निर्माण

मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि घेरवार गर्ने यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । कार्यक्रम सञ्चालनार्थ मानव वन्यजन्तु द्वन्द्वको समस्या रहेका तथा सोलाई न्यूनिकरण गर्न घेरबार तथा पूर्वाधार निर्माण



दार्धनारायण कोइराला
प्रदेश सचिव

गर्न आवश्यक रहेका क्षेत्रहरुबाट प्रस्ताव/निवेदन माग गर्नका लागि सम्बन्धित डिभिजन वन कार्यालयबाट सूचना प्रकाशन गर्नु पर्नेछ ।प्राप्त हुन आउने प्रस्ताव/निवेदनहरु बिश्लेषण गरी आवश्यकता तथा औचित्यता र बजेटको उपलब्धताको आधारमा कार्यसञ्चालनका लागि डिभिजन वन कार्यालयले स्थान छनौट गर्नु पर्नेछ। घेरबारका लागि उपलब्ध बजेटका आधारमा प्रचलित दररेट बमोजिम प्राविधिक लागत अनुमान तयार पारिने छ र सोही स्विकृत लागत अनुमान बमोजिमप्रचलित खरिद सम्बन्धी कानूनको पालना गरी ठेक्का प्रकृयाबाट कार्य सम्पन्न गरिनेछ ।

**अपेक्षित उपलब्धि** :क्रियाकलाप सम्पन्न भए पश्चातस्वीकृत लागत अनुमान बमोजिमको घेरबार/तारबार निर्माण भई मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरणमा टेवा पुगेको हुनेछ ।

**सूचक** : जाँचपास प्रतिबेदन, कार्यसम्पन्न प्रतिबेदन, बिल भरपाई, फोटा।

## ४४. अनुसन्धान कार्यका लागि बिद्यार्थीहरुलाई सहयोग

वन तथा वातावरण क्षेत्रमा सैद्धान्तिक एवं व्यवहारिक हिसाबले योग्य एवम् दक्षमानव संशाधनको विकास गर्नका लागि अध्ययन तथा अनुसन्धान कार्यलाईप्रभावकारी बनाउन जरुरी छ। यसको लागि नेपालका विश्वविद्यालयहरुमा स्नातक तहका ३ जना र स्नातकोत्तर तह ३ जना गरी जम्मा ६ जना विद्यार्थीहरुलाई वन, वातावरण तथा वन्यजन्तु संरक्षण तथा व्यवस्थापन, जलवायू परिवर्तन, रेड प्लस, वातावरणीय सेवा भुक्तानी, जडीवुटी, जैविक विविधता,भू तथा जलाधार क्षेत्र व्यवस्थापन लगायत वन तथा वातावरणसँग सम्बन्धित अन्य विषयहरुमा अध्ययन अनुसन्धान गरी शोधपत्र तयार गर्नयस शीर्षको रकम खर्च गर्न सकिने छ। यसबाट विद्यार्थीको शोधपत्र तयार गर्ने कार्यमा पनि सहयोग हुने र मन्त्रालयको कार्यक्षेत्रमा समेत सहयोग पुग्ने र प्राप्त तथ्याङ्क एवं प्रतिवेदनले मन्त्रालयको योजना तर्जुमामा समेत सहयोग पुग्ने अपेक्षा लिइएको छ । यो शीर्षकमा विनियोजित रकमबाट यसै प्रदेशमा अध्ययन अनुसन्धानक्षेत्र बनाएका विद्यार्थीहरूलाई मात्र आर्थिक सहयोगका रुपमा उपलब्ध गराइनेछ ।

यसको लागि मन्त्रालयले कार्यक्रम कार्यान्वयन गर्नतपसिल बमोजिमको एक प्राविधिक समिति रहने छ। सो समितिले सोधकर्ताहरुबाट प्राप्त हुन आएका प्रस्तावहरुको छनौट तथा मूल्याङ्कनका गरी स्वीकृतिको लागि पेश गर्नु पर्नेछ । शोधपत्र स्वीकृत भईसकेपछि स्नातकोत्तर तहको लागि प्रति विद्यार्थी रु ७५ हजारसम्म र स्नातक तहको लागि प्रति विद्यार्थी रु ५० हजार सम्म भुक्तानी दिईने छ।छनौट भएका विद्यार्थीलाई दुइ किस्तामा रकम उपलब्ध गराउन सकिनेछ ।

<u>तपसिल</u>

संयोजकः प्रमुख, विज्ञान प्रविधि तथा जलवायु परिवर्तन महाशाखा, उ.प.व.वा.मन्त्रालय
सदस्य : अधिकृत प्रतिनिधि, वन निर्देशनालय
सदस्य : लेखा अधिकृत/लेखा सहायक, उ.प.व.वा.मन्त्रालय
सदस्य : अधिकृत प्रतिनिधि, वनअनुसन्धानतथाप्रशिक्षणकेन्द्र
सदस्यसचिव : योजना अधिकृत, योजना शाखा, उ.प.व.वा.मन्त्रालय
आवश्यकतानुसार विषय विज्ञलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।



दीर्घनारायण कोइराला
प्रदेश सचिव

**अपेक्षित उपलब्धी:**यो कृयाकलाप सम्पन्न भए पश्चात् विभिन्न विश्वविद्यालय तथा क्याम्पसहरुमा स्नातकतहमा अध्ययनरत ३ जना र स्नातकोत्तर तहमा अध्ययनरत ३ जना गरी जम्मा ६ (छ) जना विद्यार्थीहरुले शोधपत्र अध्ययन तथा प्रतिवेदन तयारीका लागि मन्त्रालयबाट आर्थिक सहयोग प्राप्त गरेका हुनेछन् । प्रदेश अन्तरगतका विभिन्न क्षेत्रहरुमा वन वातावरण तथा जैविक विविधता सम्बन्धी विभिन्न विषयहरुमा खोज अनुसन्धान गरी तयार गरिएको प्रतिवेदनहरु ब्यबहारीक रुपमा उपयोगमा आएका हुनेछन् ।

**सूचक:**प्रस्तावहरु, प्रस्तावको मूल्याङ्कन तथा निर्णयहरु, प्रतिवेदनका किताबहरु,विल भरपाई, फोटा।

**जोखिम:**मन्त्रालयको आवश्यकता भन्दा पनि विद्यार्थीको लागि सहज हुने विषयमा अध्ययन अनुसन्धान हुन सक्ने ।

### ४५.कर्मचारीहरुको टीम विल्डिङ्ग:

कार्यालयहरुमा कार्यरत कर्मचारीहरु वीच आपसी समन्वय, सहकार्य, सहयोग र सकारात्मक उर्जा प्रवाह गर्न यो कार्यशाला आयोजना गरिने छ । कार्यालयका कर्मचारीहरु वीच समुहगत भावना जगाइ कार्यालयको काम कारवाहीमा अपेक्षित प्रतिफल हासिल गर्ने उद्देश्यले यो क्रियाकलाप समावेश गरिएको हो । यसमा विनियोजित बजेट विषय विज्ञलाई सहजिकरण भत्ता, यातायात खर्च, आवश्यक सामाग्री खरीद, प्रतिवेदन लेखन, सहभागी र प्रशिक्षकतथा अन्य सहयोगी कर्मचारीहरुको लागि आवास खर्च, खाना, नास्ता खर्च जस्ता कार्यमा खर्च गरिने छ । विनियोजित बजेटको उपलब्धताका आधारमा मन्त्रालय र मातहतका कर्मचारीहरु समेतलाई सहभागी गराउन सकिनेछ ।

**अपेक्षित उपलब्धी:**सहभागी सबै तहका कर्मचारीहरु वीच सहकार्य, समन्वय, सह-अस्तित्व र सहयोगको भावनामा सकारात्मक परिवर्तन भई कार्यकुशलता र कार्यक्रम कार्यान्वयनमा थप प्रभावकारीता आउने ।

**सूचक** : कार्यसम्पन्न प्रतिबेदन, बिल भरपाई, फोटो।

### ४६.वन डढेलो रोकथाम तथा नियन्त्रणको लागि फिल्ड अभ्यास तथा डेमो

वनजङ्गलमा प्राय: वर्षेनी विभिन्न कारणबाट वन डढेलोको प्रकोप गम्भीर रुपमा देखापर्दै आइरहेको छ । हरेक वर्ष फाल्गुण देखि जेष्ठसम्मको अवधि वन डढेलो लाग्ने मौसम हो । प्रत्येक वर्ष नेपालमा प्रशस्त वनजङ्गल वन डढेलोबाट नाश भई रहेको छ । कतिपय अवस्थामा वन डढेलोको प्रकोप मानिसको नियन्त्रण भन्दा वाहिर जाने र धनजनको क्षती समेत हुने गर्दछ ।वन डढेलो रोकथाम तथा नियन्त्रणको लागि सरकारी निकाय,गैह्रसरकारी संघसंस्था, वन उपभोक्ता समुह, नागरिक समाजको संयुक्तप्रयास आवश्यक हुन्छ । विशेषत: वन उपभोक्ता समुहहरु यस कार्यमा सक्रिय र जागरुक हुनुअत्यन्तै आवश्यक हुन्छ । तसर्थ वन समुहका उपभोक्ताहरुलाई वन डढेलो रोकथाम तथा नियन्त्रण सम्बन्धी ज्ञान सीप हस्तान्तरण गर्ने र तत् सम्बन्धी सचेतना जगाउने यसकार्यक्रमको मूल उद्देश्य रहेको छ । यसको निम्ती अभ्यासको लागि उपयुक्त



वर्धनारायण कोइराला
प्रदेश सचिव

हुने वनक्षेत्रको छनौट गरी स्थलगत रुपमै वन डढेलो रोकथाम तथा नियन्त्रण सम्बन्धीको ज्ञान सीप दिने, प्रज्वलनशील पदार्थहरु संकलन गर्ने गराउने, नियन्त्रित आगो लगाउने, अग्नी नियन्त्रण सामाग्री तथा उपकरणहरुको प्रयोग एवम् संचालन सम्बन्धि अभ्यास गराउने,प्रतिरोधी आगो (Counter Fire) लगाउने, वन डढेलो रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्ययोजना निर्माण गर्ने जस्ता कार्यहरु गरी फिल्ड अभ्यास गराउने र डेमो/सिमुलेसन देखाउने गरी यो कार्यक्रम संचालन गर्नुपर्नेछ ।यस शिर्षकमा विनियोजित बजेट तालिम सामाग्री खरीद, प्रशिक्षण भत्ता, खाजा खर्च, पानी, इन्धन, अग्नी नियन्त्रण सामाग्रीको ढुवानी जस्ता कार्यमा खर्च गर्न सकिने छ ।

**अपेक्षित उपलब्धी:**वनडढेलोरोकथामतथानियन्त्रणको कार्यमा सरोकारवाला तथा वन उपभोक्ताहरुले ज्ञान सीप हासिल गरी यसको रोकथामतथानियन्त्रणमा व्यवहारीक रुपमा थप सबल भएका हुनेछन् ।

सूचक:फोटो, विल भरपाई, कार्यसम्पन्न प्रतिवेदन।

**४७. दिगो वन ब्यवस्थापन सम्बन्धी अध्ययन भ्रमण**

मन्त्रालय र मन्त्रालय मातहत रहेका वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र र डिभिजन वन कार्यालयहरुमा कार्यरत वन कर्मचारीहरु, वन ब्यवस्थापनमा सँलग्न सामुदायिक वन तथा साझेदारी वन समूहका प्रतिनिधि तथा सरोकारवालाहरु समेतको सहभागीतामा विगतमा दिगो वन ब्यवस्थापन कार्यक्रम कार्यान्यिन भएका यस प्रदेशका विभिन्न वन क्षेत्रहरु तथा हाल दिगो वन ब्यवस्थापन कार्यक्रम कार्यान्वियन भईरहेका अन्य प्रदेश अन्तरगतका विभिन्न जिल्लाका वन क्षेत्रहरुमा स्थलगत रुपमा अध्ययन अवलोकन गरीने छ । उक्त क्षेत्रहरुमा सञ्चालन भएको दिगो वन ब्यवस्थापन कार्यक्रमका सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरुको सम्बन्धमा सम्बन्धित डिभिजन वन कार्यालय कर्मचारी तथा वन समूहका उपभोक्ताहरुसँग प्रत्यक्ष छलफल तथा स्थलगत अवलोकन समेत बाट जानकारी प्राप्त गरिनेछ । यस शीर्षकमा विनियोजित रकमलाई सहभागीहरुको नियमानुसारको दैनिक भत्ता, खाजा, स्टेशनरी, श्रोतब्यक्तीको सेसन भत्ता, गाडी भाडा, ब्यानर, प्राथमिक स्वास्थ्य उपचार सामाग्री लगायतमा खर्च गर्न सकिनेछ ।

उपलब्धी:कृयाकलाप सम्पन्न भए पश्चात वन कर्मचारी, वन उपभोक्ता तथा सरोकारवालाहरु दिगो वन ब्यवस्थापनका विषयमा जानकार हुनुका साथै बुझाईमा एकरुपता भई कार्यक्रम कार्यान्वयनमा सहजता आएको हुनेछ ।

सूचक:भ्रमणका सहभागीहरुको उपस्थिति विवरण, अध्ययन भ्रमण प्रतिवेदन,बिल भरपाई, फोटो, भिडियो।

**४८.BES/IEE/EIA अनुसारको वातावरणीय ब्यवस्थापन योजना कार्यान्वयनको अवस्था अनुगमन**

यस प्रदेश अन्तरगत सञ्चालित विभिन्न आयोजनाहरु एवम् उद्योगहरुको स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित वातावरणीय ब्यवस्थापन योजनाको कार्यान्वयनको अवस्थाको सम्बन्धमा स्थलगत रुपमा अवलोकन गरिनेछ । स्थलगत अनुगमन गर्दा वातावरणीय ब्यवस्थापन योजनामा उल्लेख भएका



दीर्घनारायण कोइराला
प्रदेश सचिव

कृयाकलापहरु मध्ये कार्यान्वयन भएका र हुन नसकेका कृयाकलापहरुको पहिचालन गर्ने । सम्पन्न भएका कृयाकलापहरुको गुणस्तर मापन समेत गर्नु पर्नेछ । अनुगमन कार्य सम्पन्न गरिसकेपछी अनुगमनमा देखापरेका विषयहरुलाई समेटी प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ । यस शीर्षकमा विनियोजित रकमलाई अनुगमन कार्यमा खटिने कर्मचारीहरुको नियमानुसारको दैनिक भ्रमण भत्ता, खाजा, गाडी भाडा लगायतमा खर्च गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धी:**कृयाकलाप सम्पन्न भए पश्चात विभिन्न आयोजनाहरुको स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेखित वातावरणीय ब्यवस्थापन योजनाको कार्यान्वयनको अवस्थाको बारेमा जानकारी भई आवश्यक सुधारको लागी पृष्ठपोषण प्रदान भएको हुनेछ ।

**सूचक:**अनुगमन प्रतिवेदन,बिल भरपाई, फोटो।

## ४९. मानव वन्यजन्तु द्वन्द न्यूनिकरण सचेतना कार्यक्रम

यो कार्यक्रम मानव तथा वन्यजन्तु विचको द्वन्द्व न्यूनीकरणको लागि जनचेतनामूलक प्रचारप्रसार सामाग्रीहरु तयार पार्ने तथा आवश्यकता अनुसार मानव वन्यजन्तु द्वन्द न्यूनिकरण सम्बन्धी अन्तरकृया गोष्ठीहरू संचालन गर्ने उदेश्यले यो कार्यक्रम विनियोजन भएको हो । यस कार्यक्रम अन्तरगत मानव वन्यजन्तु द्वन्द न्यूनिकरण सम्बन्धी सचेतनामुलक सन्देश भएका सामग्रीहरू (जस्तैः परिचय पन्ना (पम्प्लेट), चित्र सन्देश (पोष्टर), भिडियो सामग्री, जिङ्गल आदी ) तयार पारी द्वन्द प्रभावित क्षेत्रका समुदायहरूमा आवश्यकता अनुसार वितरण, प्रदर्शन, प्रशारण तथा अन्तरकृया गोष्ठीहरू संचालनगर्न सकिनेछ । यस शिर्षकको रकम उपलब्ध बजेटको परिधिमा रही आवश्यकता अनुसार लागत अनुमान स्विकृत गरी एकै पटक वा पटक पटक गरी विभिन्न स्थान तथा चरणमा संचालन गर्न सकिनेछ।

**अपेक्षित उपलब्धी:**कृयाकलाप सम्पन्न भए पश्चात् मानव वन्यजन्तु द्वन्द प्रभावित क्षेत्रका समुदायमा मानव वन्यजन्तु न्यूनिकरण सम्बन्धी जनचेतनामा वृद्धि हुनेछ । मानव वन्यजन्तुको सहअस्तित्वको महत्वका बारेमा सचेतनामुलक सामग्रिहरू तयार हुनेछ ।

**सूचक:**सचेतनामुलक सामग्रिहरूको तयारी, सो को प्रदर्शन तथा प्रशारण, अन्तरकृया गोष्ठी संचालनका विल भरपाई तथा फोटो प्रतिवेदन, एफ एम रेडियो तथा पत्र पत्रिकाहरुसंगको सम्झौतापत्रहरु।

**जोखिम:**मानव वन्यजन्तु द्वन्द प्रभावित क्षेत्रमा लक्षित हुन नसके यस कार्यक्रमको उपादेयतामा कमी आउने।

## ५०. वातावरण प्रदुषण नियन्त्रण सम्बन्धी जनचेतना कार्यक्रम

यो कार्यक्रमवातावरण प्रदुषण नियन्त्रण सम्बन्धी जनचेतनामूलक सामाग्रीहरु तयार पार्ने तथा आवश्यकता अनुसार सचेतना गोष्ठीहरू संचालन गर्ने उदेश्यले विनियोजन भएको हो । यस कार्यक्रम अन्तरगत वातावरण प्रदुषण नियन्त्रण सम्बन्धी सचेतनामुलक सन्देश भएका सामग्रीहरू (जस्तैः परिचय पन्ना (पम्प्लेट), चित्र



दीर्घनारायण कोइराला
सचिव

सन्देश (पोष्टर), भिडियो सामग्री, जिङ्गल आदी ) तयार पारी प्रभावित क्षेत्रका समुदायहरूमा आवश्यकता अनुसार वितरण, प्रदर्शन, प्रशारण तथा अन्तरकृया गोष्ठीहरू संचालनगर्न सकिनेछ । यस शिर्षकको रकम उपलब्ध बजेटको परिधिमा रही आवश्यकता अनुसार लागत अनुमान स्विकृत गरी एकै पटक वा पटक पटक गरी विभिन्न स्थान तथा चरणमा संचालन गर्न सकिनेछ।

**अपेक्षित उपलब्धी:**कृयाकलाप सम्पन्न भए पश्चात् वातावरण प्रदुषण नियन्त्रण सम्बन्धी जनचेतनामा वृद्धि हुनेछ । वातावरण प्रदुषण नियन्त्रण सम्बन्धी सचेतनामुलक सामग्रिहरू तयार हुनेछ ।

**सूचक:**सचेतनामुलक सामग्रिहरूको तयारी, सो को प्रदर्शन तथा प्रशारण, अन्तरकृया गोष्ठी संचालनका विल भरपाई तथा फोटो प्रतिवेदन, एफ एम रेडियो तथा पत्र पत्रिकाहरुसंगको सम्झौतापत्रहरु।

**जोखिम:**प्रभावित क्षेत्रमा लक्षित हुन नसके यस कार्यक्रमको उपादेयतामा कमी आउने।

### ५१. जलवायु परिवर्तन सम्बन्धी प्रदेश स्तरीय कार्यशाला गोष्ठी

यस प्रदेश अन्तरगतका विभिन्न सरोकारवालाहरुलाई जलवायु परिवर्तन सम्बन्धी विषयमा जानकारी गराउने उद्देश्यले यो कार्यशाला गोष्ठी सञ्चालन गरिनेछ । यस कार्यक्रममा जलवायु परिवर्तन सम्बन्धी सैद्धान्तिक विषय, जलवायु परिवर्तनका कारक तत्वहरु, जलवायु परिवर्तनको हालको विश्वब्यापीअवस्था, नेपाल र सुदूरपश्चिम प्रदेशको अवस्था र यसबाट विश्वमा, नेपालमा साथै सुदूरपश्चिम प्रदेशका विभिन्न क्षेत्रहरुमा परिरहेको असर, जलवायु परिवर्तनको असर न्यूनिकरण गर्ने उपाय तथा अनुकुलनका उपायहरुको बारेमा विज्ञहरुबाट जानकारीमूलक प्रस्तुतिकरण गर्नुका साथै सहभागीहरुको विचमा छलफल समेत आदान प्रदान गरिनेछ । यस कार्यक्रममा आवशयकता अनुसार विज्ञलाई प्रदेश बाहिरबाट समेत आमन्त्रण गर्न सकिनेछ। यस शीर्षकमा विनियोजित रकमलाई सहभागीहरुको नियमानुसारको भत्ता, खाजा, स्टेशनरी, श्रोतब्यक्तीको दैनिक तथा सेसन भत्ता, हल भाडा, गाडी भाडा/हवाई भाडा ब्यानरलगायतमा खर्च गर्न सकिनेछ ।
**अपेक्षित उपलब्धी:**यो कृयाकलाप सम्पन्न भए पश्चात प्रदेशका सरोकारवालाहरु जलवायु परिवर्तन सम्बन्धी विषयमा जानकार भएका हुनेछन् ।
**सूचक:**कार्यक्रममा सहभागी उपस्थिति विवरण,बिल भरपाई, फोटो आदि ।

### ५२.अग्नि नियन्त्रण सम्बन्धी सामान तथा उपकरण Leaf blower खरिद तथा वितरण

वनजङ्गलमा प्रायः वर्षेनी विभिन्न कारणबाट वन डढेलोको प्रकोप गम्भीर रुपमा देखापर्दै आइरहेको छ । कतिपय अवस्थामा वन डढेलोको प्रकोप मानिसको नियन्त्रण भन्दा वाहिर जाने र धनजनको क्षती समेत हुने गर्दछ । वन जङ्गलमा सुकेका पात पतिङ्गरहरु रहेका हुन्छन् यी सुकेका पात पतिङ्गरहरु डढेलोको लागी मुख्य इन्धनको रुपमा काम गर्दछन् । यस्ता सुकेका पातपतिङ्गरलाई जङ्गल भित्रका सडक, अग्निरेखा, वन



दीर्घनारायण कोइराला
प्रदेश सचिव

व्यवस्थापन प्लट,काठ दाउरा घाटगद्धी स्थल, वन बस्ति सिमाना वरपर, मानिस हिंड्ने गोरेटोबाटो सफा गरिएमा वन क्षेत्रमा डढेलो लाग्ने सम्भावना अत्यन्तै न्यून रहन्छ । साथै वन क्षेत्रमा यदी वन डढेलो लागीहालेमा यस्तो डढेलोलाई थप क्षेत्रमा फैलिन नदिन तथा वन डढेलोनियन्त्रणगरी थप क्षति हुन नदिनको लागी अग्नी नियन्त्रण सामाग्री तथा उपकरणहरुको आवश्यकता पर्दछ । अग्नी नियन्त्रण सामाग्री तथा उपकरण विना वन डढेलो नियन्त्रण गर्न असम्भव हुने र उपभोक्ताहरु, वनकर्मी, सुरक्षाकर्मीहरु आफै जोखिममा पर्ने सम्भावना रहन्छ । तसर्थ वन क्षेत्रमा डढेलो लाग्नै नदिने वातावरण श्रृजना गर्ने उद्देश्यले सुकेका पातपतिङ्गर सफा गर्न उपयोगी हुने उपकरण Leaf blower खरिद गरी परिचालन गर्नु पर्ने हुन्छ ।साथै वन डढेलो लागीहालेमा वन डढेलो नियन्त्रण गर्न र सम्भावित जोखिमबाट बच्नका लागि अग्नी नियन्त्रण सामाग्री, उपकरण तथा सामानहरु खरीद गर्नुपर्ने हुन्छ ।जिल्लागत भौगोलिक क्षेत्र अनुसार उपयुक्त हुने अग्नी नियन्त्रण सामाग्री उपकरणहरु तथा Leaf blower समेतखरीद गरी डिभिजन वन कार्यालयहरुलाई उक्त उपकरण तथा सामाग्रीहरु वितरण गरिनेछ। यसमा विनियोजन भएको बजेट रकम सुकेका पातपतिङ्गर सफा गर्न उपयोगी हुने उपकरण Leaf blowerरअग्नी नियन्त्रण सम्बन्धी सामाग्री तथा उपकरण खरीद गर्न र डिभिजन वन कार्यालयहरुमा ढुवानीगर्दा सवारी साधनका लागी आवश्यक पर्ने इन्धनमा खर्च गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धीः** डिभिजन वन कार्यालयहरुले अग्नी नियन्त्रण सामाग्री तथा उपकरण र Leaf blower सम्बन्धी उपकरण प्राप्त गरी वन डढेलो लाग्न नदिन तथा वन डढेलो नियन्त्रणमा सहज र प्रभावकारी हुने साथै वन डढेलो नियन्त्रण गर्दा आइपर्ने सम्भाव्य जोखिमबाट सुरक्षित हुनेछन् ।

सूचकः अग्नी नियन्त्रण सामाग्री, उपकरण तथा सामान मौजुदा रहने, विल भर्पाई, जिन्सी खाता आदि।

## ५३.वन्यजन्तु उद्धार सामाग्री खरिद Snake Catcher Set

यस प्रदेश अन्तरगतका विभिन्न क्षेत्रहरुमा मानव वन्यजन्तु द्वन्द्वको घटनाहरु बढ्दो छ । यस्ता घटनाहरुमा वन्यजन्तुहरु घाइते हुने, मृत्यू हुने, मानिसको मृत्यू हुने, घाइते हुने घटनाहरु वर्षेनी भईरहेका छन् । त्यसैगरी तराइका जिल्लाहरुमा विसालु सर्पको प्रकोप बढ्दो क्रममा रहेको देखिन्छ । वर्षेनी सर्पदँशबाट धेरै सँख्यामा मानिसहरुको मृत्यू भएको पाईन्छ । केहि वन्यजन्तुहरुले मानिसलाई आक्रमण गरी क्षति पुर्याउने, पशुचौपाया तथा बालिनालीलाई क्षति पुर्याउने गरेका छन् । यस्ता घाइते, टुहुरा, समस्याग्रस्त वन्यजन्तुहरुको सुरक्षित ढङ्गले उद्धार ब्यवस्थापन गरी तिनको प्राकृतिक बासस्थानमा छोडिदिन सकेमा सम्भावित द्वन्द्वका घटनाहरुलाई न्यूनिकरण गर्न सकिन्छ । यसमा विनियोजन भएको बजेट वन्यजन्तु उद्धार गर्न आवश्यक पर्ने विभिन्न किसिमका सामाग्रीहरु र सर्प उद्धार गर्न प्रयोग हुने विभिन्न किसिमका सामाग्रीहरु (Snake Catcher Set) खरिद गरी आवश्यकता अनुसार डिभिजन वन कार्यालयहरुलाई हस्तान्तरण गरिनेछ।



दीर्घनारायण कोइराला
प्रदेश सचिव

**अपेक्षित उपलब्धी:**वन्यजन्तुहरुको उद्धार सम्बन्धी कार्यमा प्रभावकारीता आएको हुनेछ साथै मानव वन्यजन्तु द्वन्द्वका घटनामा न्यूनिकरण भएको हुनेछ ।

**सूचक:**सामाग्री खरिदसम्बन्धी विल भर्पाई, जिन्सी खाता।

### ५४. उपकरण खरिद (जि पि एस, Range Finder आदी)

वनको सिमाना सर्वेक्षण गर्ने कार्यको लागी जि पि एस यन्त्रको आवश्यक पर्दछ । जि पि एस बाट सिमाना सर्वेक्षण गरिसकेपछी प्राप्त तथ्याङ्कको उपयोग गरी जि आइ एस सफ्टवयरको प्रयोग गरी नक्सा तयार गरिन्छ । सिमाना सर्वेक्षणको लागी जि पि एस उपकरण अरु उपकरण भन्दा विश्वसनीय, भरपर्दो र आधुनिक प्रविधिमैत्री मानिन्छ । त्यसैगरी रुखको उचाइ मापन गर्ने कार्यको लागी Range Finder को प्रयोग गरिन्छ । Range Finder बाट रुखको उचाइ मापन गर्दा विश्वसनीयता बढी हुने गर्दछ । यी उपकरणहरु प्रचलित खरिद सम्बन्धी ऐन नियम अनुसार खरिद गरी डिभिजन वन कार्यालयहरुमा हस्तान्तरण गरिने छ ।

**अपेक्षित उपलब्धी:**डिभिजन वन कार्यालयहरुबाट वन सिमाना सर्वेक्षण र रुखको उचाइ मापन जस्ता महत्वपूर्ण कार्यहरु विश्वसनीय र प्रभावकारी ढङ्गबाट भएका हुनेछन् ।

**सूचक:**सामाग्री खरिदसम्बन्धी विल भर्पाई, जिन्सी खाता।

### ५५. विगतमा आर्थिक सहयोग गरिएका वन पैदावारमा आधारित उद्यमहरुको प्रभावकारिता अध्ययन

उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र मातहतका निकायहरुबाट विगतका वर्षहरुमा आर्थिक सहयोग गरिएका प्रदेश अन्तरगतका विभिन्न जिल्लाहरुमा रहेका वन पैदावारमा आधारित उद्यमहरुको हालको अवस्था (सक्रिय वा निस्कृय), उक्त उद्योगहरुको सञ्चालनको अवस्था, उद्यमबाट उत्पादन हुने बस्तुहरुको परिमाण तथा गुणस्तरको अवस्था, उत्पादित बस्तुहरुको बजारिकरणको अवस्था, उद्यमबाट स्थानीइ रोजगारी श्रृजनामा पुर्याएको योगदानको अवस्था, कच्चा पदार्थको उपलब्धता र यसको प्राप्तीको माध्यम, उद्यम सञ्चालनमा आइपरेका समस्या तथा चुनौती र भावी योजना समेतका विषयहरुको बारेमा अध्ययन गर्न यो क्रियाकलाप सञ्चालन गरिनेछ । यो कार्यक्रम सञ्चालनका लागी प्रचलित खरिद सम्बन्धी कानून बमोजिम योग्य सेवा प्रदायक/परामर्शदाता छनौट गरीउक्त सेवा प्रदायक/परामर्शदाता मार्फत कार्यक्रम सञ्चालन गरिनेछ । परामर्शदाताले कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नु पर्नेछ । स्वीकृत लागत अनुमान बमोजिको रकम सम्झौतामा उल्लेख भएको प्रकृया बमोजिम सेवा प्रदायकलाई भुक्तानी गरिनेछ ।

**अपेक्षित उपलब्धी:**विगतमा आर्थिक सहयोग गरिएका वन पैदावारमा आधारित उद्यमहरुको प्रभावकारित अध्ययन भई प्रतिवेदन प्राप्त भएको हुनेछ ।

सूचक : सम्झौता पत्र,विल भरपाई, सम्भाव्यता अध्ययन प्रतिवेदन ।



दीर्घनारायण कोइराला
प्रदेश सचिव

५६. अतिक्रमित क्षेत्रको डाटा अध्यावधिक

यस प्रदेश अन्तरगतका विभिन्न जिल्लाहरुमा भएको वन क्षेत्रको अतिक्रमणको यथार्थ तथ्याङ्क पत्ता लगाई अद्यावधिक गर्ने र सोहि बमोजिम अतिक्रमण नियन्त्रणका योजनाहरु बनाई अतिक्रमित क्षेत्रहरु खाली गराई पुनः वन क्षेत्र कायम गराउनु पर्दछ । तसर्थ प्रदेश बजेटको उपलब्धता बमोजिम सम्भव भएसम्म प्रदेश भित्रका सबै जिल्लाको अतिक्रमित क्षेत्रको तथ्याङ्क अद्यावधिक कार्य गरिनेछ । तर उपलब्ध बजेटले सबै जिल्लाको तथ्याङ्क अद्यावधिक गर्ने कार्य सम्भव नदेखिएमा यस प्रदेश अन्तरगतका सबै भन्दा बढी अतिक्रमणको समस्या रहेका मुख्य २ (दुई) जिल्लाहरु कैलाली र कञ्चनपुरमा भएका अतिक्रमित क्षेत्रहरुको तथ्याङ्क अद्यावधिक कार्य गरिनेछ । यो कार्यक्रम सञ्चालनका लागी प्रचलित खरिद सम्बन्धी कानून बमोजिम योग्य सेवा प्रदायक/परामर्शदाता छनौट गरीउक्त सेवा प्रदायक/परामर्शदाता मार्फत कार्यक्रम सञ्चालन गरिनेछ । परामर्शदाताले कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नु पर्नेछ । स्वीकृत लागत अनुमान बमोजिको रकम सम्झौतामा उल्लेख भएको प्रकृया बमोजिम सेवा प्रदायकलाई भुक्तानी गरिनेछ ।

**अपेक्षित उपलब्धी:**अतिक्रमित क्षेत्रको तथ्याङ्क अद्यावधिक भएका हुनेछन् ।

सूचक : सम्झौता पत्र,विल भरपाई, प्रतिवेदन ।

**खोटो संकलन सम्बन्धी तालिम तथा फिल्ड अभ्यास**

यो कृयाकलाप खोटो संकलन हुने क्षेत्रहरुमा गई सम्भव भएसम्म जङ्गल भित्रनै स्थलगत रुपमा सञ्चालन गरिनेछ । तालिममा खोटो संकलन भएका सामुदायिक वनका उपभोक्ता तथा श्रमिकहरुलाई संलग्न गराइनेछ । खोटो सङ्कलन कार्यविधि निर्देशिका, २०६४ मा भएका प्रावधानहरुको विषयमा जानकारी गराउनुका साथै स्थलगत रुपमा नमुना अभ्यास समेत गराइ सहभागीहरुलाई खोटो सङ्कलनका विधि प्रकृयाका बारेमा जानकार एवम् सक्षम बनाउने प्रयास गर्नु पर्नेछ । यसमा विनियोजित बजेट प्रशिक्षक भत्ता, खाजा, स्टेशनगरी, सहभागी भत्ता लगायतमा खर्च गरिनेछ ।

**अपेक्षित उपलब्धी:**सामुदायिक वनका उपभोक्ता एवम् खोटो सङ्कलन सम्बन्धी कार्यमा सँलग्न कामदारहरु खोटो सङ्कलन सम्बन्धी विषयमा थप प्रष्ट भई खोटो सङ्कलन कार्य नियम सँगत ढङ्गबाट सञ्चालन भएका हुनेछन् ।

सूचक : सहभागीहरुको उपस्थिति विवरण,विल भरपाई, प्रतिवेदन, फोटो ।

दीर्घनारायण कोइराला
प्रदेश सचिव

५८. समन्वय गोष्ठी (अतिक्रमण नियन्त्रण समन्वय समिति/वन क्षेत्र समन्वय समिति बैठक वा संस्थागत विकास गर्ने)

वन नियमावली २०७९ को नियम ११९ मा ब्यवस्था भए बमोजिमको वन अतिक्रमण नियन्त्रण समितिका पदाधिकारीहरुलाई सहभागी गराई अतिक्रमण नियन्त्रण कार्यलाई प्रभावकारी बनाउन सरोकारवालाहरुबाट सहयोग प्राप्त गर्ने उद्देश्यले यो गोष्ठी कार्यक्रम सञ्चालन गरिनेछ ।यसमा विनियोजित बजेट प्रशिक्षक भत्ता, खाजा, स्टेशनगरी, सहभागी भत्ता लगायतमा खर्च गरिनेछ ।

**अपेक्षित उपलब्धी:**सरोकारवालाहरु अतिक्रमणको अवस्था र यसको कानूनी ब्यवस्थाका सम्बन्धमा जानकार भई अतिक्रमण नियन्त्रण कार्यमा सहजता भएको हुनेछ ।

**सूचक** : सहभागीहरुको उपस्थिति विवरण,विल भरपाई, प्रतिवेदन, फोटो ।

५९. अन्तरप्रदेशीय निर्देशनालय स्तरीय सिकाई आदान प्रदान/अन्तरक्रिया गोष्ठी

वन निर्देशनालयका कर्मचारीहरु अन्य प्रदेशहरुमा भ्रमण गरी ति प्रदेश अन्तरगतका वन निर्देशनालयहरुबाट वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोग एवम् जैविक विविधता सम्बन्धमा भईरहेका असल अभ्यासहरुको एक आपसमा आदान प्रदान गरी ज्ञान शिपमा अभिबृद्धि गर्दै कार्यगत समन्वय समेत कायम गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ । अन्य प्रदेशमा भ्रमण गर्दा आवश्यकता अनुसार डिभिजन वन कार्यालयका कर्मचारीहरु संग असल अभ्यासका सम्बन्धमा छलफल गर्नुका साथै स्थलगत रुपमा वन क्षेत्रहरुको अवलोकन समेत गर्न सकिनेछ । यसमा विनियोजित बजेट रकम सहभागीको दैनिक भ्रमण भत्ता, खाजा, इन्धन, यातायात खर्च, स्टेशनरीलगायतमा खर्च गर्न सकिनेछ।

**अपेक्षित उपलब्धी:**विभिन्न प्रदेशमा वन व्यवस्थापन सम्बन्धमा भएका असल अभ्यासहरुको बारेमा जानकारी प्राप्त भई यस प्रदेशमा समेत कार्यान्वयनमा आएका हुनेछन् र अन्य प्रदेशहरुसँगको समन्वय एवम् सहकार्यमा प्रभावकारिता आएको हुने ।

**सूचक** : सहभागीहरुको उपस्थिति विवरण,विल भरपाई, प्रतिवेदन, फोटो ।

...र्वनारायण कोइराला
प्रदेश सचिव

# भू तथा जलाधार व्यवस्थापन तर्फका स्वीकृत वार्षिक कार्यक्रमहरुका लागि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

पृष्ठभूमि

सुदूरपश्चिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र मन्त्रालय अन्तरगत रहेको वन निर्देशनालय मातहतको भू तथा जलाधार व्यवस्थापन कार्यालय मार्फत भू संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धि कार्यक्रमहरु संचालनको लागि आर्थिक वर्ष २०८२/०८३ मा आवश्यक कार्यक्रम र वजेट विनियोजन गरिएको छ । विशेषत: प्रदेशअन्तर्गत रहेका जलाधार क्षेत्रको व्यवस्थापन, दीगो भू उत्पादकत्व संरक्षणका साथै वातावरण संरक्षण, विपद् जोखिम न्युनिकरण, जलवायुजन्य तथा प्राकृतिक प्रकोप व्यवस्थापन र विकासका पूर्वाधार संरक्षणमा टेवा दिने विभिन्न कार्यक्रमहरूको व्यवस्था गरिएको छ। स्वीकृत कार्यक्रम र विनियोजित बजेटको परिधिभित्र रही कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सञ्चालन, कार्यान्वयन तथा व्यवस्थापन गर्न र गुणस्तरीय प्रतिफल प्राप्त गर्न यस कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ लाई मार्गनिर्देशको रूपमा लिइने छ।

<u>कार्यक्रम सञ्चालन प्रक्रिया</u> :

भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुको चालु आ.व.२०८२/८३ मा स्वीकृत कृयाकलापहरु तथा योजनाहरु संचालन गर्दा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, सुदूरपश्चिम प्रदेश सरकार आर्थिक मामिला मन्त्रलयबाट जारी भएको आ व २०८२।०८३ को वजेट कार्यान्वयन मार्गदर्शन पालना गरी कार्य सञ्चालन गरिनेछ । स्वीकृत कार्यक्रमहरु सञ्चालनको लागी स्थान छनौट गर्दा दुविधा उत्पन्न भएमा सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम गरिनेछ ।

**कुनैपनि आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने छैन । आर्थिक वर्ष २०८२।०८३ का लागि विनियोजित बजेट तथा कार्यक्रम र सान्दर्भिक विषय सम्बन्धी सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८२।०६।१० मा भएको निर्णयको पूर्णरुपमा पालना गरिनेछ ।**

भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गतका स्विकृत कार्यक्रम तथा क्रियाकलापहरू

१. उप जलाधार व्यवस्थापन योजना तयारी

यो कार्यक्रम भू तथा जलाधार व्यवस्थापन कार्यालयको कार्यक्षेत्र भित्रको अती संवेदनशिल तथा संवेदनशिल जलाधार क्षेत्रहरुको व्यवस्थापन योजना तयार गरी उक्त क्षेत्रमा भु संरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले विनियोजन गरिएको हो । यस कार्यक्रम सञ्चालनको लागि कार्यान्वयन गर्ने निकायबाट कार्यक्षेत्रगत शर्तहरु र लागत अनुमान तयार गरी स्वीकृत पश्चात प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम परामर्शदाता छनौट गरी परामर्श सेवा खरिद गरी कार्यक्रम सञ्चालन गरिनेछ । उप जलाधार व्यवस्थापन योजना तयारी गर्दा सम्बन्धित स्थानिय तह संग समन्वय गरी तयार गरिनेछ।



मार्गनारायण कोइराला
प्रदेश सचिव

## २.वायोइन्जिनियरिङ्ग पद्धतीवाट खोला नदी किनार संरक्षण

वर्षेनी विभिन्न प्राकृतिक, मानवीय तथा जलवायु परिवर्तनजन्य कारणहरु बाट वाढी, नदी किनार कटान तथा अन्य भु स्खलन जस्ता समस्याहरु सृजना हुनेगरेको छ ।उक्त समस्याहरुको समाधानका लागि वातावरणमैत्री रुपवाट साना खोला नाला तथा नदीहरुको छेउ तथा किनारमा अवस्यकता अनुसार विरुवा सहित संरचना निर्माण गरी खोला नदी किनार संरक्षण गर्ने साथसाथै हरियाली प्रवर्द्धन गर्ने यस कार्यक्रमको मुख्य उद्देश्यहुनेछ ।

यस अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिने छ ।

- बाँसको छेकवाँध,बाँसको तटबन्धन (Bamboo check dam and Revetment work with sand filled bag)
- Dry/loose stone, brush stone check dam, rip-rap structures I
- Gabion revetment, Check dam
- वायोइन्जिनियरिङ्ग संरचना तथा कम खर्चिलो भू– संरक्षण, वृक्षारोपण, बाँस रोपण,वाटलिङ तथा टर्फिङ (घाँसको चपरी), चाडै हुर्किने,जरा धेरै फैलिने होचो प्रकृतिकाझाडिदार विरूवाहरूलाई प्राथमिकता।
- नदी किनारमा हरित पेटीका निर्माण ।

## ३ आकष्मिक भू-संरक्षण कार्यक्रम

आकष्मिक रूपमा आइपर्ने प्राकृतिक विपद्ले व्यक्तिको घरबास नै उठिबास हुने वा बस्तीमा पुरै असर पर्न जाने अवस्था भई पीडित व्यक्तिले उपभोक्ता समिति बनाई राहत प्राप्त गर्न कठिनाई हुने अवस्थामा पीडित व्यक्तिलाई कार्यालयबाट तत्काल राहत स्वरूप संरक्षण कार्यमा सहयोग उपलब्ध गराउन यो कार्यक्रम सञ्चालन गरिने छसाथै साथै सरकारी सार्वजनिक संरचानाहरुको संरक्षण पनि गर्न सकिनेछ। विपदमा परेका घर परिवारलाई निजहरूको घर वस्ती संरक्षणको लागि कार्यक्रम सहयोग गर्दा प्रभावित घरधुरीलाई लाभग्राही मानी सञ्चालन गर्न सकिने छ। खास गरी वर्षायाम तथा त्यसको अघिपछि वा अन्य समयमा आकष्मिक रूपमा जानसक्ने पहिरो, बाढी गएका स्थानहरूमा प्रहरी मुचुल्का र वडा सिफारिस वा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयका आधारमा थप क्षति न्यूनिकरण तथा जन धनको सुरक्षा गर्नको लागी आवश्यक पर्ने तारजाली लगायतका अन्य उपकरण/सामाग्री खरिद गरी उपलब्ध गराउन सकिने छ।

यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरू सञ्चालन गर्न सकिने छन्।

- बायोइन्जिनियरिङ्ग संरचना निर्माण तथा व्यवस्थापन।
- संरक्षण वृक्षारोपण तथा हरियाली प्रबर्धन कार्यक्रम।
- ग्याबियन तारजाली खरिद गरी वितरण कार्य।

धनेनारायण कोइराला
प्रदेश सचिव

## ४ संरक्षण पार्श्वचित्र प्रकाशन (**Activity Profile publication**)

भू तथा जलाधार व्यवस्थापन कार्यालयहरूबाट हरेक आ.व मा सञ्चालन गरिने सम्पुर्ण क्रियाकलापहरूको विस्तृत विवरण समेटिएको पुस्तिका तयार गरी प्रकाशन गर्नु पर्नेछ। यस पार्श्वचित्रमा हरेक क्रियाकलापहरूको विस्तृत विवरण जस्तै आ.व, कार्यक्रमको नाम, कार्यक्रम सञ्चालन गर्ने सेवा प्रदायकको नाम, ठेगाना र सम्पर्क नम्बर, सञ्चालन गरिएको स्थान, लागत, कार्यक्रम सञ्चालन गर्नुको उद्देश्य, प्रयोग गरिएका संरक्षणका विधि तथा प्रक्रिया, कार्यक्रमको असर तथा प्रभावकारिता, लाभान्वित घरधुरी, कार्यक्रम कार्यान्वयनका सिकाईहरू, कार्यालयको साइट इन्चार्ज र कार्यालय प्रमुखको नाम लगायतका विषयहरू उल्लेख भएको हुनुपर्नेछ। साथै कार्यक्रम सञ्चालन हुनु अगाडीको, सञ्चालन भैरहेको र सम्पन्न पछिको तस्वीरहरू अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।

## ५ विउ/विरूवा खरिद तथा वितरण

कम उत्पादन हुने निजी वा सामुदायिक जमिनको सुधार गर्न वा खाली निजी तथा सामुदायिक जमिन एवम् भिराला पाखाबारीमा स्थायी रुपमा भू उपयोगमा परिवर्तन ल्याई उत्पादकत्व वृद्धि गर्न बढि उत्पादन दिने खालका तथा वहु उपयोगी फलफूल, डालेघाँस, विरुवाहरु रोप्ने कार्यका लागि आवस्यकता अनुसार विउ तथा विरुवा उपलब्ध गराउने। त्यसै गरी भिरालो जमिन, ग्रामिण सडक जस्ता भू क्षय हुने, खहरे वा खोला किनारा लगायतका स्थानहरुमा भू तथा जलाधार संरक्षणका लागि बहुउपयोगी घांस, अमृसो तथा बांसको विरुवा, राइजोम रोपण गर्ने। यसकार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिने छ ।

- घांस, डालेघांस विरुवा, फलफूल विरुवा र बांस विरुवा खरीद वितरण गर्नेकार्य कार्यालयले खरीद प्रक्रिया अनुसारखरीद गरी वितरण गर्ने र बांस विरुवा रोपण जस्ता कार्य उपभोक्ता समुह वा सामुदायिक वन उपभोक्ता समुह समिति मार्फत गर्न सकिनेछ।
- संरक्षण समुह पहिचान र सशक्तिकरण ।
- विभिन्न फलफूल, डालेघाँस, अम्रिसो, घाँस, बाँस तथा राइजोम, आदि जिल्लामा बढी माग भएका भू संरक्षण तथा आयआर्जनका दृष्टिकोणबाट महत्वपूर्ण बिरुवाहरू खरिद गर्ने, ढुवानी, वितरण तथा रोपण र संरक्षण।
- **बांस विरुवा खरीद वितरण:** विभिन्न भू संरक्षण उपभोक्ता समुह र वन समुहहरुवाट गल्छी पहिरो खोलाकिनार तथा खोलाले छोडेको जग्गामा रोपण गर्ने बांस विरुवाको माग संकलन गरी बांस रोपणको लागि बांस विरुवा वितरण गर्न सकिनेछ।
- **घेरबार सहितको बांस रोपण:** नदिले छोडेको खाली जग्गा र सामुदायिक वनको खाली रहेको जग्गामा उपभोक्ता समुह मार्फत वा सामुदायिक वन उपभोक्ता समुह मार्फत घेरवार सहितको बांस रोपन गर्न सकिनेछ।
- विरूवा माग निवेदन तथा वितरण रजिस्टर तयार पार्ने।



दीर्घनारायण कोइराला
प्रदेश सचिव

## ६ पहिरो गल्छी नियन्त्रण/ भू–क्षय नियन्त्रण तथा उपचार

वर्षातको पानी लगायत अन्य प्राकृतिक तथा कृत्रिम कारणले गएको वा जानसक्ने पहिरो, गल्छी,भू– क्षय आदिबाट हुन सक्ने सम्भाव्य जोखिमहरुको न्यूनीकरण गर्दै जनधनको रक्षा, महत्वपूर्ण विकासकापूर्वाधारहरु तथा अन्य वातावरणीय पक्षहरुको एकीकृत रूपमा संरक्षण गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ।

यस अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिने छ ।

- Dry/loose stone, brush stone checkdam, rip-rap structures I
- Sediment, debris flow control structures construction
- वायोइन्जिनियरिङ्ग संरचना तथा कम खर्चिलो भू–संरक्षण, वृक्षारोपण, वाटलिङ तथा टर्फिङ (घाँसको चपरी), चाडै हुर्किने र धेरै जरा फैलिनेहोचा प्रकृतिका झाडिदार विरूवाहरूलाई प्राथमिकता।
- भल तर्काउने कुलो, चेकड्याम, नाला, रिटेनिङ वाल निर्माण।
- जुट नेटिङ लगायतका अन्य जैविक तथा इन्जिनियरिङ्ग संरचना निर्माण।

## ७ संरक्षण पोखरी/ रिचार्ज पोखरी निर्माण

जलाधार क्षेत्रको स्थान विशेषमा जलभरण क्षमता बढाउन र जमिनमुनिको पानीको सतह बढाई सुख्खायाममा पानीको उपलब्धता बढाउन तथा उपल्लो भू-भागबाट तल्लो भू-भागमा बगेर आउने भलपानी र भूक्षय व्यवस्थापन गर्नका लागि जलभरण पोखरी, ट्रेञ्च तथा संरक्षण वृक्षारोपणजस्ता क्रियाकलापहरू गर्नु यस कार्यक्रमको उद्देश्य हो। साथै, धारा पंधेराबाट खेर जाने पानी र वर्षाको भलको पानी संकलन गरी सुख्खा मौसममा खेतबारी सिंचाई गर्न र भल बाढी कम गर्न गाउँघरमा भइरहेका पोखरीहरूलाई मर्मत गर्ने र आवश्यकता अनुसारको नयाँ पोखरी निर्माण गर्ने कार्यहरू यस कार्यक्रम अन्तर्गत गर्न सकिने छन्।

यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरू सञ्चालन गर्न सकिने छन्।

- परास्परागत रूपमा रहेका कुवा, पोखरी तथा ताल संरक्षण।
- जलभरण संरचना (Recharge pit etc.), संरक्षण पोखरी, तारबार।
- Run-off harvesting dam निर्माण।
- हरियाली प्रवर्धन (विशेषतः चाडै हुर्किने र धेरै जरा फैलिनेजातका विरूवा रोपणमा प्राथमिकता)।

## ८ खोला/खहरे/नदी किनार संरक्षण/तटबन्धनिर्माण

वर्षाको समयमा उर्लेर आउने बाढीबाट खोला तथा नदी किनार तथा आसपासका खेतीयोग्य जमिन र घरवस्तीको संरक्षण गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ। सम्बन्धित नदी तथा खोला किनारमा संरक्षण संरचना निर्माण गर्दा आवश्यक पर्ने बहाव क्षेत्र नघटाई नदीको बहावलाई सन्तुलन तथा किनारा स्थिरिकरण गर्न सकिन्छ।



...वनारायण काँइराला
प्रदेश सचिव

यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरू सञ्चालन गर्न सकिने छन्।

- तटबन्ध निर्माण (Embankment construction, protection walls)
- Spurs/gabion structures construction
- River training works, waterways management
- Sediments/siltation trap/structures constructions, flow retarding structures, breakers, checkdams
- जल प्रवाह व्यवस्थापनका लागि हरित प्रविधि विकास, Green belts/buffer strips, slope stabilization through bio-engineering/vegetative measure (trees, fruit trees, grass plantation) on both bank.

## ९ पानी मुहान संरक्षण

प्राकृतिक रूपमा रहेका महत्वपूर्ण र सुक्न लागेका पानीका स्रोतहरूको पहिचान र वस्तुस्थिति विश्लेषण गरी प्राथमिकताका आधारमा पानीका स्रोतहरूको दीगो संरक्षण, व्यवस्थापन तथा पानीको उपलब्धतामा वृद्धि गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ।
यस कार्यक्रममा निम्न क्रियाकलापहरू सञ्चालन गर्न सकिने छन्।

- पानीको मूलको पहिचान गरी स्रोत संरक्षण कार्य।
- मुहानको जलाधार क्षेत्र वरिपरि वृक्षारोपण (घांस, बांस,विरुवा र फलफूल )तथा तारबार कार्य।
- भू तथा जलाधार संरक्षण सम्बन्धी संरचना निर्माण चेक ड्याम, रिटेनिङ वाल, आदि कार्य।
- मुहानको जलाधार क्षेत्रमा रिचार्ज पिट र रिचार्ज पेखरी निर्माण कार्य ।
- इन्टेक, रिजर्भ ट्याङ्की, पाइप लाइन लगायत अन्य निर्माण कार्य।

## १० साना सिंचाई पोखरी तथा कुलो निर्माण, मर्मत तथा संरक्षण

बाढी, पहिरो तथा भूक्षयद्वारा प्रभावित भएको सिंचाइ कुलोको संरक्षण, मर्मत तथा स्तर सुधार गर्न वा आवश्यक स्थानमा स-साना नयाँ सिचाई कुलो निर्माण गरी भूमिको उत्पादकत्व वृद्धि गर्दै सिंचाई सुविधा पुऱ्याउनु यो कार्यक्रमको मुख्य उद्देश्य हो। जैविक तथा इन्जिनियरिङ्ग संरचनाद्वारा सिंचाई कुलोलाई संरक्षण गर्ने, पुरिनबाट बचाउने, आसपासका क्षेत्रहरूमा भूसंरक्षण गर्न तथा पानीको मात्रा बढाउन समेत यो कार्यक्रम सञ्चालन गरिन्छ।
यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

- सिंचाई कुलो सुधार, मर्मत सम्भार कार्य।
- Check dam, retaining wall जस्ता इन्जिनियरिङ्ग संरचना निर्माण।
- निर्मित सिंचाई कुलो मर्मत (कुलोको भुई तथा भित्ताबाट पानी चुहिने भएमा सिमेन्ट लगाई मर्मत गर्ने)।
- कुलो मुहान वरिपरि आवश्यकता अनुसारको वृक्ष, बाँस, घाँस वा वनस्पति रोपण गर्ने।



...र्धनारायण कोइराला
प्रदेश सचिव

११ तालिम सञ्चालन (भू संरक्षण सचेतना, कम खर्चिलो भू संरक्षण प्रविधि, विद्यालमा संरक्षण शिक्षा, जलवायु परिवर्तनसम्बन्धी तालिम)

साधारणतया भू संरक्षणका कार्यहरू आर्थिक रुपमा महंगो र आधुनिक प्रविधिको आवश्यकता पर्ने हुन्छ । यद्यपी जस्तो सुकै स्थानमा पनि यस्तै महंगा इन्जिनियरिङ संरचना र प्रविधि चाहिन्छ भन्ने मानसिकता र सोही बमोजिम व्यवहारमा समेत ल्याउंदा हाम्रो जस्तो सिमित श्रोत साधन भएको अवस्थामा यस्ता कार्यहरु गर्न संभव हुदैन । त्यसैले स्थान र भू क्षयको प्रकृति हेरी स्थानीय रुपमा उपलब्ध श्रोत साधन प्रयोग गरेर कम खर्चमा पनि भू तथा वातावरणमैत्रीएवं जलवायुमैत्री भू संरक्षणका कार्यहरु संचालन गर्न सकिन्छ भन्ने ज्ञान, सीप, सचेतना र कम खर्चिलो भू संरक्षण प्रविधि लगायत जलाधार व्यवस्थापनका महत्वबारे स्थानीय जनता, उपभोक्ता समिति तथा विद्यार्थीहरुलाई प्रदान गर्न यो तालिम, सचेतना, संरक्षण शिक्षा कार्यक्रम राखिएको हो । कम खर्चिलो भू संरक्षण प्रविधि तालिम विशेषत: फिल्ड स्तरमा अभ्यास तथा सञ्चालन गरी अझ प्रभावकारी बनाउन सकिने छ। साथै जलवायु परिवर्तनका कारण, असर तथा प्रकोप र यसलाइ स्थानीय तहमा अनुकुलन तथा न्यूनिकरण गर्ने विषयहरूमा उपभोक्ता वा संरक्षण समुह र स्थानीयको क्षमता अभिवृद्धि गर्न तालिम र विद्यार्थिहरुमा सचेतना अभिवृद्धि गर्न विद्यालयमा संरक्षण शिक्षासञ्चालन गर्न सकिने छ ।यस कार्यक्रम वन तथा वातावरण मन्त्रालयको तालिम गोष्ठीको लागि तयार गरिएको नर्मस तथा प्रचलित कानुनको आधारमा रकम खर्च गर्न सकिनेछ।

दीर्घनारायण कोइराला
प्रदेश सचिव

# वन अनुसन्धान तथा प्रशिक्षणकेन्द्रतर्फकोमा कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२

**१.वन रक्षक गेम स्काउट सिनियर गेमस्काउट र फरेष्टर स्तरीय वन सम्बन्धी आधारभूत सेवाकालीन तालिम (३० कार्यदिने)**

वन वन्यजन्तु संरक्षण तथा व्यवस्थापन, वन स्रोत सर्भेक्षण,वन मापन, वन प्रशासन, कानुनी कार्यविधि लगायतका विषयमा वन रक्षक, गेमस्काउट,सिनियरगेमस्काउट र फरेष्टरहरुको दक्षता अभिवृद्धि गरी सहजीकरण गर्ने सीप र कार्यक्षमता वढाई प्रवाह गरिने सेवालाई स्तरीय,चुस्त, दुरुस्त वनाउने अभिप्रायले यो कार्यक्रम राखिएको हो। यो सेवाकालिन तालिमको म्यानुअल तत्कालिन केन्द्रीय वन तालिम तथा प्रचार ) प्रसार केन्द्रको पाठ्यक्रममा समय अनुसार थपघट गरी अनुसार सञ्चालन गरिने छ। यस कार्यक्रमका सहभागीहरुलाई तालिमको अन्त्यमा लिईएको मूल्याङ्कन परीक्षा पश्चात् प्रमाण पत्र दिईने छ।
यस शीर्षकको वजेट तालिमका सहभागी दैनिक भ्रमण भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, स्टेशनरी, तालिम सामग्री, सेसन फि,हेण्डआउट, खाजा, यातायात खर्च, ईन्धन, हलभाडा, गाडी भाडा, संचार, प्रतिवेदन लेखन लगायतमा प्रचलित ऐन, नियम र नमर्सको परिधि भित्र रही लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिने छ।

कार्यक्रम सम्पन्न भएपछि तालिम सञ्चालन मिति, स्थान, पाठ्यक्रम तथा छलफलका विषयहरु, सहभागीको नामावली, उपलब्धी, पृष्ठपोषण र भए गरेको खर्च विल भरपाईहरु समेतको प्रतिवेदन पेश गर्नु पर्ने छ । कार्यक्रम सञ्चालनमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका प्रशिक्षक एवं आवश्यकता अनुसार सम्बन्धीत विषयका विज्ञहरुलाई समेत प्रशिक्षकको रुपमा वोलाई सञ्चालन गर्न सकिने छ ।तालिमका सहभागिहरु छनौट गर्दा वा तालिममा सहभागि गराउँदा विगतमा यस प्रकारको तालिम नलिएका र वन सम्बन्धी लेभल २ को परिक्षा पास नगरेका सहभागिहरुलाई प्राथमिकता दिनुपर्ने छ ।

**उपलब्धीहरु:**प्रदेश अन्तरगतमा कार्यरत वन रक्षक तथा फरेष्टरहरुर यस प्रदेश स्थित विभिन्न संरक्षित क्षेत्रमा कार्यरत गेमस्काउट तथा सिनियर गेमस्काउटहरुले सेवाकालिन तालिम प्राप्त गरी कर्मचारीहरुमा दक्षता अभिवृद्धिभई कार्यसम्पादनमा प्रभावकारिता आएको हुनेछ ।
सूचकः सहभागीहरुको उपस्थिति विवरण, विल भरपाई, फोटो, आदि ।

**२ वन अपराध अनुसन्धान तथा मुद्दा दायरी तालिम**

वन जंगल तथा वन्यजन्तुको संरक्षणको लागि अवैध वन कटानी, चोरी निकासी, वन अतिक्रमण, आगलागी वा वनडढेलो, वन्यजन्तुहरुको चोरी शिकारी र आखेटोपहारको अवैध ओसारपसार जस्ता गैरकानूनी एवम् वन



दीर्घनारायण कोइराला
प्रदेश सचिव

अपराधजन्यकृयाकलापहरुमा संलग्न व्यक्तिहरुलाई कानून वमोजिम सजाय दिलाउन र यस प्रकारका गैरकानूनी एवम् वन अपराधजन्य कृयाकालपहरुलाई निरुत्साहित गर्न अपराधमा संलग्न व्यक्तिहरुलाई प्रचलित ऐन नियम वमोजिम मुद्दा चलाउन अत्यावश्यक हुन्छ । वन तथा वन्यजन्तु अपराधका मुद्दाहरुको सफलतामा कुशलतापूर्वक गरिने अपराध अनुसन्धान तथा अभियोजनाको सर्वोपरि महत्व हुन्छ । यसको लागि वन तथा वन्यजन्तु अपराध अनुसन्धानमा संलग्न कर्मचारीहरुमा यस सम्बन्धी आवश्यक ज्ञान, सीप, दक्षता तथा अवधारणात्मक स्पष्टता हुन अपरिहार्य छ । तसर्थ वन तथा वन्यजन्तु अपराध अनुसन्धान तथा मुद्दा दायरी गर्न कानूनी रुपमा अधिकारप्राप्त (वरिष्ठ वन अधिकृत, वन अधिकृत, सहायक वन अधिकृत र रेञ्जर) कर्मचारीहरु को क्षमता अभिवृद्धी गर्नको लागि यो तालिम संचालन गरिने छ ।
तालिमका सहभागी एवं प्रशिक्षकहरुलाई प्रचलित तालिम सम्बन्धी नर्मस वमोजिम सेवा सुविधा प्रदान गरिने छ । यस तालिममा विनियोजित रकम सहभागी तथा प्रशिक्षक, सहजकर्ता, स्रोतव्यक्ति,तालिम संयोजक, सहसंयोजन, प्रतिवेदकएवं सहयोगीकर्मचारीहरुको भत्ता, सेसन फि, हेण्डआउट्स, तालिम सामाग्री, आवास, खाना, खाजा, फिल्ड भ्रमण र सोको लागि सवारी साधन रिजर्भ भाडा, स्टेसनरी, फोटोकपी, व्यानर, प्रमाणपत्र, पानी, ईन्धन, आदिमा खर्च गर्न सकिने छ ।
तालिम समाप्त भएपश्चात तालिम संचालन गर्न पेश्की रकम बुझिलिने कर्मचारीले तालिमको प्रतिवेदन, बील भर्पाई तथा फोटोहरु समावेश गरी नियमानुसार तोकिएको समय भित्र पेश्की फछ्र्यौटका लागी प्रतिवेदन सहितका कागजात पेश गर्नु पर्नेछ ।

**उपलब्धीहरु:** वन प्राविधिक कर्मचारीहरुको दक्षता अभिवृद्धिभई मुद्दा अनुसन्धान तहकिकात सम्बन्धी कार्यमा प्रभावकारीता आएको हुनेछ ।
**सूचक:** सहभागीहरुको उपस्थिति विवरण, विल भरपाई, फोटो, आदि ।

### ३ कर्मचारीहरुको लागी दिगो वन व्यवस्थापन सम्बन्धी अन्तर प्रदेशीय अध्ययन अवलोकन भ्रमण

विभिन्न प्रदेशहरुमा दिगो वन व्यवस्थापन सम्बन्धि विभिन्न असल अभ्यासहरुमार्फत सकारात्मक उपलब्धिहरु हाँसिल गरेका समाचारहरु प्राप्त हुने गरेका छन् । यसरी विभिन्न प्रदेशहरुले गरेका सकारात्मक प्रयास तथा असल अभ्याहरुबाट सिकेर यस प्रदेशमा पनि समान प्रकृतिका कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्न सके वनको दिगो व्यवस्थापन सम्बन्धी कार्यहरुमा प्रभावकारिता वढाउन सकिने, नेपाल सरकार तथा प्रदेश सरकारलाई प्रशस्त राजश्व आम्दानी हुन सक्ने, स्थानीय स्तरमा रोजगारी श्रृजना गर्ने सकिने साथै वनको स्वास्थ्यमा समेत गुणस्तरीयता कायम गर्न सकिने देखिन्छ । यसै तथ्यलाई दृष्टिगत गरी नेपालका विभिन्न प्रदेशहरुमा स्थलगत अध्ययन अवलोकन भ्रमण गरी यस प्रदेश अन्तरगत उद्योग पर्यटन वन तथा वातावरण



दीर्घनारायण कोइराला
प्रदेश सचिव

मन्त्रालय, वन निर्देशनालय र विभिन्न डिभिजन वन कार्यालयहरुमा कार्यरत रेञ्जर तथा अधिकृत स्तरका वन प्राविधिक कर्मचारीहरुमा नवीन एवं व्यवहारिक ज्ञान, सीप तथा दक्षता अभिवृद्धि गर्न गराउनको लागि यो अवलोकन भ्रमण कार्यक्रम संचालन गरिने छ ।

अवलोकन भ्रमणमा संलग्न सहभागी एवं प्रशिक्षकहरुलाई प्रचलित खर्चको मापदण्ड वा नर्मस वमोजिम सेवासुविधा प्रदान गरिने छ । यस शिर्षकमा विनियोजित रकम सहभागि तथा सहजकर्ता, स्रोतव्यक्ति, संयोजक, सहसंयोजन, प्रतिवेदकएवं सहयोगीकर्मचारीहरुको भत्ता, सेसन फि, हेण्डआउट्स, तालिम सामाग्री, आवास, खाना, खाजा, फिल्ड भ्रमण र सोको लागि सवारीसाधन रिजर्भ भाडा,स्थलगत प्रवेश शुल्क, स्टेसनरी, फोटोकपी, व्यानर, प्रमाणपत्र, पानी, ईन्धन, आदिमा खर्च गर्न सकिने छ ।

अवलोकन भ्रमण समाप्त भएपश्चात कार्यक्रम संचालनार्थ पेश्की रकम बुझिलिने कर्मचारीले अवलोकन भ्रमण प्रतिवेदन, बील भर्पाई तथा फोटोहरु समावेश गरी नियमानुसार तोकिएको समय भित्र पेश गर्नु पर्ने छ ।

**उपलब्धीहरुः** प्रदेशमा कार्यरत उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र अन्तरगतका कर्मचारीहरुले अन्य प्रदेशका विभिन्न स्थानमा सञ्चालन भएका दिगो वन ब्यवस्थापन सम्बन्धी नवीनतम कार्यहरुको स्थलगत अवलोकन गरी ज्ञान, शिप एवम् दक्षता हासिल गरेका हुनेछन् ।

**सूचकः** सहभागीहरुको उपस्थिति विवरण, विल भरपाई, फोटो, आदि ।

**४ Training on Data Analysis on Excel Spread Sheet**

पछिल्लो समयमा विश्वमा कम्पूटर एवं सुचना प्रविधिको क्षेत्रमा विकास भएको नविनतम प्रविधिले हामीले सम्पादन गर्ने काम तथा सोको गुणस्तर र लागतमा आमूल परिवर्तन ल्याउनुका साथै परम्परागत कार्यशैली तथा प्रविधिको तुलनामा कामलाई सरल, सहज, प्रभावकारी एवं कम खर्चिलो र छिटो छरितो वनाएको छ । यसै तथ्यलाई दृष्टिगत गर्दै वन जंगल तथा वन्यजन्तुको संरक्षणव्यवस्थापनका साथै भू तथा जलाधार व्यवस्थापनको लागि विभिन्न प्रकारका योजना तर्जुमा गर्न, कार्यमूलक अध्ययन गर्न, कार्यक्रमहरु कार्यान्वयन गर्न र प्रतिबेदनहरु तयार गर्न, डाटावेस राख्न र तथ्याङ्कको विश्लेषण गर्नका साथै अनुगमन तथा मूल्याङ्कनको लागि यस सम्बन्धी काममा संलग्न कर्मचारीहरुमा स्याटेलाईटमा आधारित रिमोट सेन्सिङ्ग तथा सोको विश्लेषणको लागि कम्प्यूटरमा आधारित विभिन्न किसिमका सीप तथा ज्ञान हुनका साथै Data Analysis and Excel Spread Sheetसम्बन्धी प्याकेजहरु कूशलतापूर्वक प्रयोग गर्ने सीपसमेत हुन अपरिहार्य छ । तसर्थ वन तथा वन्यजन्तु संरक्षण सम्बन्धी कार्यमा संलग्न रेन्जर तथा अधिकृत स्तरका कर्मचारीहरुको लागि यो तालिम कार्यक्रम संचालन गरिने छ ।

दीर्घनारायण कोइराला
प्रदेश सचिव

तालिमको संचालन एवं तालिमका सहभागी एवं प्रशिक्षकहरुलाई प्रचलित तालिम सम्बन्धी नर्मस वमोजिम सेवा सुविधा प्रदान गरिने छ । यस तालिममा विनियोजित रकम सहभागि तथा प्रशिक्षक, सहजकर्ता, स्रोतव्यक्ति, तालिम संयोजक, सहसंयोजन, प्रतिवेदकएवं सहयोगीकर्मचारीहरुको भत्ता, सेसन फि, हेण्डआउट्स, तालिम सामाग्री, आवास, खाना, खाजा, फिल्ड भ्रमण र सोको लागि सवारी साधन रिजर्भ भाडा, स्टेसनरी, फोटोकपी, व्यानर, प्रमाणपत्र, पानी, ईन्धन, आदिमा खर्च गर्न सकिने छ ।

तालिम सम्पन्न भएपश्चात तालिम संचालन गर्न पेश्की रकम बुझिलिने कर्मचारीले तलिमको प्रतिवेदन, बील भर्पाई तथा फोटोहरु समावेश गरी नियमले तोकेको समय भित्र पेश गर्नु पर्ने छ ।

## ५ फरेष्टर र सिनियर गेमस्काउट स्तरीय कर्महरुको लागि वनको तथ्याङ्क विश्लेषण सम्बन्धी तालिम

फिल्डस्तरमा कार्यरत फरेष्टर तथा सिनियर गेम स्काउटहरुले सब डिभिजन वन कार्यालयहरु एवम् पोष्टहरुमा रही आफ्नो कार्यक्षेत्र अन्तरगतका सामुदायिक वनहरुको कार्ययोजना तयारी एवम् नवीकरण सम्बन्धी कार्यमा सहयोगी कर्मचारीको रुपमा खटिई कार्य गर्नु पर्ने हुन्छ । यसर्थ फरेष्टर र सिनियर गेमस्काउट स्तरीय कर्मचारीहरुमा समेत वन श्रोत सर्वेक्षण र सर्वेक्षणबाट देखिन आएका वन श्रोत सम्बन्धी तथ्याङ्कहरुको परिमाणात्मक विश्लेषण सम्बन्धी ज्ञान हुन आवश्यक हुन्छ । यसो हुन सकेमा तल्लो तहबाट भएका कार्यहरुको विभिन्न तहगत रुपमा कर्मचारीहरुबाट चेकजाँच हुने भई केहि सुधार गर्नु पर्ने कुराहरु भएमा सुधार समेत हुने भई सामुदायिक वनका कर्ययोजनाहरु यथार्थपरक, बास्तविक, गुणस्तरीय बन्न सक्दछ । यस तालिमको लागि प्रशिक्षार्थी सहभागीहरु छनौट गर्दा विगतमा सेवाकालिन तालिम प्राप्त गरी सामुदायिक वनको कार्ययोजना तयारी सम्बन्धी कार्यमा सहयोगीको रुपमा कार्य गरिरहेका फरेष्टर र सिनियर गेमस्काउटहरु मध्येबाट छनौट गर्नका लागी डिभिजन वन कार्यालय तथा संरक्षित क्षेत्र कार्यालयहरुमा पत्राचार गरिनेछ ।

यस शीर्षकको वजेट तालिमका सहभागी दैनिक भ्रमण भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, स्टेशनरी, तालिम सामग्री, सेसन फि,हेण्डआउट, खाजा, यातायात खर्च, ईन्धन, हलभाडा, गाडी भाडा, संचार, प्रतिवेदन लेखन लगायतमा प्रचलित ऐन, नियम र नमर्सको परिधि भित्र रही लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिने छ।

**उपलब्धीहरुः** प्रदेश अन्तरगत विभिन्न डिभिजन वन कार्यालयहरुमा कार्यरत फरेष्टर तथा विभिन्न संरक्षित क्षेत्र कार्यालयहरुमा कार्यरत सिनियर गेमस्काउटहरु वन श्रोतको तथ्याङ्क विश्लेषण सम्बन्धी कार्यमा दक्ष भएका हुनेछन् ।

**सूचकः** सहभागीहरुको उपस्थिति विवरण, विल भरपाई, फोटो, आदि ।

## ६ रेन्जर/अधिकृत स्तरीयकर्मचारीहरुको लागिGISसम्वन्धी तालिम

फिल्ड स्तरमा कार्यरत रेन्जर र अधिकृतहरुलाई वैज्ञानिक वन व्यवस्थापन तथा वन स्रोत सर्वेक्षणको लागि जि पिएस को प्रयोग गर्न सिकाउदैं आएको भएतापनि नयां नयां प्रविधिको विकास भईरहेको हुदां यीनै . प्रविधिहरु सम्वन्धी ज्ञान सीप प्रदान गर्ने उद्देश्यले यो तालिम कार्यक्रम राखिएको हो ।



दीर्घनारायण कोइराला
प्रदेश सचिव

यस शीर्षकको वजेट तालिमका सहभागी दैनिक भ्रमण भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, स्टेशनरी , तालिम सामग्री, सेसन फि ,हेण्डआउट, खाजा, यातायात खर्च, ईन्धन, हलभाडा, गाडी भाडा, संचार, प्रतिवेदन लेखन लगायतमा प्रचलित ऐन, नियम र नमर्सको परिधि भित्र रही लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिने छ।

कार्यक्रम सम्पन्न भएपछि तालिम सञ्चालन मिति, स्थान, पाठ्यक्रम तथा छलफलका विषयहरु, सहभागीको नामावली, उपलव्धी, पृष्ठपोषण र भए गरेको खर्च विल भरपाईहरु समेतको प्रतिवेदन पेश गर्नु पर्ने छ । कार्यक्रम सञ्चालनमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका प्रशिक्षक एवं आवश्यकता अनुसार सम्बन्धीत विषयका विज्ञहरुलाई समेत प्रशिक्षकको रुपमा वोलाई सर्वजनिक खरीद ऐन, नियामावली वमोजिम सेवा प्रदायक समेतवाट सञ्चालन गर्न सकिने छ ।

**उपलब्धीहरुः** प्रदेश अन्तरगतमा कार्यरत सहायक वन अधिकृत तथा रेञ्जर पदका वन प्राविधिकहरु नयां प्रविधिको वारेमा जानकार भई वन ब्यबस्थापनको कार्यमा उपयोग गरेका हुनेछन ।

**सूचकः** सहभागीहरुको उपस्थिति विवरण, विल भरपाई, फोटो, आदि ।

## ७ वन्यजन्तु उद्धार सम्बन्धी तालिम

प्रदेश अन्तरगतका विभिन्न क्षेत्रहरुमा हुने गरेको मानव वन्यजन्तु द्वन्द्धलाई न्यूनिकरण गर्न तथा विभिन्न कारणले घाईते भएका, सङ्कटमा परेका तथा टुहुरा वन्यजन्तुहरुलाई उद्धार गर्नका लागि फिल्ड स्तरमा वन तथा वन्यजन्तुको संरक्षण तथा अपराध न्यूनिकरणमा खटिने वन रक्षक तथा सशस्त्र वन रक्षकको क्षमता अभिबृद्धि गरी यस्ता घटनाको व्यवस्थापनमा तत्काल खट्न सक्ने जनशक्तिहरु डिभिजन वन कार्यालयमै तयार गरी परिचालन गर्नु यस कृयाकलापको मुख्य उद्देश्य रहेको छ । यो कार्यक्रम शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र राष्ट्रिय प्रकृति संरक्षण कोष संगको समन्वयमा सञ्चालन गरिनेछ ।

यस शिर्षकमा विनियोजित बजेट रकमलाई सहभागीहरुको भत्ता, प्रशिक्षक भत्ता, कार्यक्रमको सहजिकरणमा खटिने कर्मचारी भ्रमण खर्च, संयोजक भत्ता, स्टेशनरी, गाडी भाडा/गाडी मर्मत, ईन्धन लगायतका शिर्षकमा खर्च गरिनेछ ।

**उपलब्धीहरुः** वन रक्षक तथा सशस्त्र वन रक्षकहरु मानव वन्यजन्तु द्धन्द्धका विषयमा जानकार भएका हुनुका साथै वन्यजन्तु उद्धार तथा व्यवस्थापनको कार्यमा दक्षता अभिबृद्धि भएको हुनेछ ।

**सूचकः** सहभागीहरुको उपस्थिति विवरण, विल भरपाई, फोटो, आदि ।

## ८ केन्द्र द्धारा बिगतमा सन्चालित तालिमहरुको प्रभावकारिता अनुगमन

यस केन्द्रले स्थापनाकाल देखिनै नेपाल वन सेवाका बिभिन्न तहका कर्मचारीहरुको सिप, दक्षता, क्षमता बिकासको लागी बिभिन्न किसिमका नबिनतम तालिमहरुको आयोजना गर्दै आईरहेको छ । तथापि ति तालिम कार्यक्रमहरुले कार्यक्षमतामा पारेको प्रभावको बारेमा औपचारीक अनुगमन हुन सकेको थिएन । त्यसैले यस आर्थिक बर्षमा यस केन्द्रले बिगतमा सन्चालन भएका तालिमहरुको प्रभावकारीता अनुगमन गर्ने कार्यक्रम राखेको छ । यस कार्यक्रमको कार्यान्वयनको लागी सम्भव भए सम्मका प्रदेश भरीका सरोकारवाला कार्यालयहरुमा पुगी बिभिन्न बिधि मार्फत अनुगमन गरिनेछ ।यस शिर्षकमा बिनियोजित रकम



दीर्घनारायण कोइराला
प्रदेश सचिव

## ११ कर्मचारीको लागी **Appreciative Inquiry** सम्बन्धी तालिम

कर्मचारीहरुमा सकारात्मको सोंचको जागरण तथा आन्तरिक उत्प्रेरणा जागृत गराई सहकर्मी कर्मचारीहरुबीच सकारात्मक, समन्वयात्मक र सहयोगी भावको विकास मार्फत कार्यक्षमतामा अभिबृद्धि कार्यालयबाट सम्पादन गरिने कामलाई थप प्रभावकारी एवम् गुणात्मक बनाउनुका साथै सुशासन कायम गर्नमा थप योगदान पुर्याउने उद्देश्यका साथ यो तालिम कार्यक्रम सञ्चालन गरिनेछ । यो कार्यक्रम सञचालनार्थ आवश्यकता अनुसार प्रदेश भन्दा बाहिरका योग्य प्रशिक्षकलाई आमन्त्रण गर्न सकिनेछ ।यस शिर्षकमा विनियोजित बजेट रकमलाई सहभागीहरुको भत्ता, प्रशिक्षक भत्ता, खाजा, स्टेशनरी, तालिम हलभाडा,संयोजक भत्ता, स्टेशनरी, प्रशिक्षकको गाडी /हवाई भाडालगायतका शिर्षकमा खर्च गरिनेछ ।

**उपलब्धीहरु :**कार्यक्रम सम्पन्न भएपश्चात कर्मचारीहरुमा सकारात्मको सोंचको जागरण तथा आन्तरिक उत्प्रेरणा जागृतभई कार्यशैली एवम् कार्य सम्पादनमा प्रभावकारीता आएको हुने ।

सुचकः सहभागीको उपस्थिति विवरण, फोटो, बिलभर्पाई, प्रतिबेदन ।

प्रदेश सचिव